का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ फागुन २०७९,
आइतबार
12 March 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## राष्ट्रपतिको सुरुवाती सवारीमै विरोध

आफ्नै वाचा विपरीत सवारीमा सडक खाली गराएपछि आलोचना खेपिरहेका राष्ट्रपति पौडेलले सोमबार पद तथा गोपनीयताको शपथ लिँदै छन् ।


**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

राष्ट्रपति हुनु भन्दा अगाडि रामचन्द्र पौडेलले जनतालाई सास्ती नदिने वाचा गरेका थिए । तर, राष्ट्रपतिमा निर्वाचित भएपछिको उनको सुरुवाती सवारीमै सर्वसाधारणले सास्ती खेप्नुपर्‍यो ।

राष्ट्रपतिमा निर्वाचित हुनुअघि बिहीबार संसद् भवनमा प्रतिक्रिया दिँदै पौडेलले ‘ अब जाम हुँदैन, गणतन्त्रको राष्ट्रपति र राजतन्त्रको राष्ट्राध्यक्ष कस्तो हुनुपर्छ त्यो म देखाउनेछु । यी दुई शासनबीच के भिन्नता छ , तपाईंहरूले देख्न पाउनुहुनेछ’ भनेका थिए । राष्ट्रपतिमा निर्वाचित भएपछि शुक्रबार सर्वसाधारणलाई असहज हुने गरी सडक खाली गरेर सवारी गरे । पौडेलको सचिवालयका अनुसार बिहान सवा ९ बजे पशुपतिनाथ – बाँकी पृष्ठ २ मा

## फेरि समाजवादी मोर्चा !

चुनाव अगाडि नै वाम र समाजवादी पार्टीहरुबीच मोर्चा बनाएर कांग्रेससँग पावर सेयरिङ गर्न खोजेका प्रचण्ड त्यसबेला सफल भएका थिएनन् । पुरानै गठबन्धन ब्युताएसँगै उनले फेरि सोही प्रयास गरेको खुलेको छ ।



“ कांग्रेस र कम्युनिस्टको सत्ता समीकरणका वाम समाजवादी मोर्चाको आवश्यकता हुनु स्वभाविक हो ।

**देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केही दिनमा समाजवादी मोर्चा बन्ने विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री समेत रहेका प्रचण्डले नयाँ बन्ने समाजवादी मोर्चाको जगमा कम्युनिस्ट एकताको पहल समेत गरिने बताएका छन् ।

चुनाव अगाडि नै वाम र समाजवादी पार्टीहरुबीच मोर्चा बनाएर कांग्रेससँग पावर सेयरिङ गर्न खोजेका प्रचण्ड त्यसबेला सफल भएका थिएनन् । तत्कालीन पाँच दलीय गठबन्धनबाट प्रधानमन्त्री नभएपछि कांग्रेसको साथ छोडेर उनी प्रधानमन्त्री भए । लगत्तै विश्वासको मत कांग्रेसबाट समेत पाएका प्रचण्डले यसबीचमा पुरानै गठबन्धनसँग सत्ता साझेदारी गर्ने निर्णय लिएका छन् । सत्ता गठबन्धनमा अरु नयाँ केही दल पनि थपिएका छन् । चुनाव अगाडिको गठबन्धन ब्युताएसँगै प्रचण्डले फेरि समाजवादी मोर्चा गठनको प्रयास गरेको खुलेको छ । – बाँकी पृष्ठ २ मा

### कार्यगत एकतामा सहमति

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

डा.सिके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टीबीच कार्यगत एकता हुने भएको छ ।

शनिबार बसेको तीन दलको बैठकले कार्यगत एकताको सहमति गरेको हो । तीन दलबीच अगामी दिनमा समेत कार्यगत एकता गर्ने सहमति भएको हो । उनीहरुबीच उपराष्ट्रपतिको निर्वाचन, मधेश र थरूहट आन्दोलनका मुद्दाहरूको सम्बोधन, नागरिकता विधेयक, आन्दोलनकारीमाथिको मुद्दा फिर्ता, राजबंदीहरूको रिहाई, विगतका सहमतिहरूको कार्यान्वयनसहितका एजेन्डामा सहकार्य गर्दै अगाडि बढ्ने सहमति भएको छ । तीनै दलले उपराष्ट्रपतिमा जनमत पार्टीका – बाँकी पृष्ठ २ मा

# उपराष्ट्रपतिमा चार उम्मेदवार

## सत्तागठबन्धनमा बेमेल !

सत्तागठबन्धनमा रहेका दलहरुका बीचमा बेमेल हुँदा उपराष्ट्रपतिमा सत्तागठबन्धनमा रहेका दलहरुकै तर्फबाट ३ जनाको उम्मेदवारी परेको छ । तर, अन्तिमसम्म उम्मेदवारी फिर्ता भएर एकल उम्मेदवारी कायम हुने दलहरुको विश्वास छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

उपराष्ट्रपतिमा ४ जनाको उम्मेदवारी परेको छ । सत्तारुढ दलहरुकै गठबन्धनबाट ३ जना र नेकपा एमालेको तर्फबाट एक जनाको उम्मेदवारी परेको छ । सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा) नेपालबाट दुई जना र जनमत पार्टीबाट एक गरी तीन जनाको उम्मेदवारी परेको छ ।

नेकपा एमालेले उपराष्ट्रपतिमा उठाएको उम्मेदवार नेपाली राजनीतिमा परिचित अनुहार हो । एमालेबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । उनलाई पछिल्लो समय राजनीतिबाट गुमनाम गराउन खोजिएको नेताका रुपमा समेत लिइन्छ । खासगरी एमालेका केपी शर्मा ओली पावरमा आएपछि शाक्यले राजनीतिमा ल्याएकाहरुले आवसर पाउँदा उनले पाइनन् । ०७४ को चुनावमा बागमती प्रदेशको मुख्यमन्त्री हुने भनेर प्रदेश सभाको चुनाव लडेकी उनको सट्टामा चुनाव जितेपछि डोरमणि पौडेललाई मुख्यमन्त्री बनाइएको थियो । त्यसो त तत्कालीन नेकपा एमाले र माओवादी मिलेर बनेको नेकपामा चरम विवाद भएपछि अप्ठ्यारो परिस्थितिमा शाक्यलाई मुख्यमन्त्री बनाइयो । तर, उनले केही महिना समेत काम नगरी मुख्यमन्त्रीबाट बिदा लिनुपर्‍यो ।

एमालेले उनै शाक्यलाई यसपटक उपराष्ट्रपतिको उम्मेदवार बनाएको छ । राष्ट्रपतिमा – बाँकी पृष्ठ २ मा




**रामसहायप्रसाद यादव**
उपराष्ट्रपति उम्मेदवार, जसपा



**अष्टलक्ष्मी शाक्य**
उपराष्ट्रपति उम्मेदवार, नेकपा एमाले



**ममता झा**
उपराष्ट्रपति उम्मेदवार, जनमतपार्टी



**प्रमिला कुमारी**
उपराष्ट्रपति उम्मेदवार, जसपा

### पुरुष उम्मेदवारविरुद्ध उजुरी

नेकपा एमालेले उपराष्ट्रपतिमा परेको पुरुषको उम्मेदवारीविरुद्ध उजुरी दिएको छ । उपराष्ट्रपति पदका उम्मेदवार रामसहायप्रसाद यादवविरुद्ध उजुरी दिइएको हो ।

संविधानले राष्ट्रपति र उपराष्ट्रपति फरक समुदाय वा लिंगबाट हुनुपर्ने व्यवस्था गरेको भन्दै एमालेले राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भइसकेपछि उपराष्ट्रपतिमा पुरुष उम्मेदवार हुन नसक्ने भन्दै उजुरी दिएको हो । एमाले सांसद महेशकुमार बर्तौलाले संघीय संसद भवनस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयमा उजुरी दर्ता गराएका हुन् ।

राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ को दफा १६(५) ले उपराष्ट्रपतिको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति निर्वाचित व्यक्ति जुन लिंग वा समुदायको हो सो भन्दा फरक लिंग वा समुदायको व्यक्ति मनोनयन गर्नुपर्ने व्यवस्था गरेको उजुरीमा उल्लेख छ । यस अनुसार उपराष्ट्रपतिमा पुरुषबाहेकका उम्मेदवार हुनुपर्ने भन्दै जसपा नेता रामसहायप्रसाद यादवको उम्मेदवारी खारेज गर्न माग – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## १६ म्यानपावरको कारोबार फुकाउन विभागलाई सर्वोच्चको आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

सर्वाच्च अदालतले १६ वटा म्यानपावर कम्पनीको कारोबार खुला गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा वैदेशिक रोजगार विभागका नाममा आदेश जारी गरेको छ । सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश हरि कृष्ण कार्की र न्यायाधीश तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले शुक्रबार मन्त्रालय तथा विभागका नाममा उत्प्रेषणको आदेश जारी गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभागका कर्मचारीसमेत जोडेर विशेष अदालतमा दायर गरेको भ्रष्टाचार मुद्दा विचाराधीन रहेकै अवस्थामा विभागका तत्कालीन महानिर्देशक भरतराज सुवेदीले ६५ म्यानपावर कम्पनी खारेज गर्न विभागको उजुरी तथा अनुसन्धान शाखालाई ठाडो निर्देशन दिएका थिए । त्यसमा अख्तियारले कारबाही गर्न सिफारिस गरेका ४७ र विशेष अदालतमा मुद्दा विचाराधीन रहेको १८ म्यानपावर कम्पनी रहेका थिए ।

सुवेदीले गरेको निर्णय तत्कालीन श्रम तथा रोजगार राज्य मन्त्री टेकबहादुर गुरूङले उल्ट्याएका थिए । विशेष अदालतले सफाइ दिएको वैदेशिक रोजगार क्षेत्रकै बहुचर्चित मुद्दामा सर्वोच्च अदालतले पनि सफाइ दिएको थियो । तर विभागले १८ म्यानपावर कम्पनीको कारोबार खुला नगरिदिएपछि उनीहरूमध्ये १६ म्यानपावर कम्पनी विभागविरूद्ध रिट लिएर सर्वोच्च अदालत गएका थिए ।

१६ म्यानपावर कम्पनीमध्ये इन्फिनिटी रिक्रुटमेन्ट प्रा.लि.का तर्फबाट प्रा.लि.का सञ्चालक युगल भट्टराई आफ्नोसहित अन्य ९ म्यानपावर कम्पनी, अक्टोपस ओभरसिज प्रा.लि.का सञ्चालक शिवहरी तिमिल्सिना आफ्नो कम्पनीसहित ४ म्यानपावर कम्पनी र स्किल्ड ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक मिनप्रसाद तामाङ आफ्नोसहित ३ वटा म्यानपावर कम्पनीको प्रतिनिधि भई २०७३ साल भदौ ८ गते सर्वोच्च अदालत गएका थिए । एकै लगाउमा रहेका ती मुद्दाको एकैसाथ फैसला भएको हो । व्यवसायी तिमिल्सिनाले ६ वर्षभन्दा लामो समयको प्रतीक्षापछि शुक्रबार आफूहरूले सर्वोच्च अदालतबाट न्याय पाएको मध्यान्हलाई बताए ।

## उपराष्ट्रपति निर्वाचन गठबन्धनलाई सहज छैन : पोखरेल



**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २७ फागुन ।

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उपराष्ट्रपतिको निर्वाचन १० दलीय गठबन्धनलाई सहज नभएको बताएका छन् ।

सप्तरीको राजविराजमा मिसन ग्रास रुट अभियान अन्तर्गत शनिबार आयोजित जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

बाह्य शक्तिले हावा भर्नासाथ १० दलीय सत्ता गठबन्धनले सत्ता स्वार्थमा लिप्त हुँदै राजनीतिक अस्थिरता र राष्ट्रियताको मामिलामा निर्लज्जता प्रदर्शन गरेको वरिष्ठ उपाध्यक्ष पोखरेलको भनाइ थियो । उनले उपराष्ट्रपतिको निर्वाचनमा एमालेले सत्ता गठबन्धनलाई धक्का दिने दाबी समेत गरे । पूर्व उपप्रधानमन्त्री समेत रहेका पोखरेलले देशको वर्तमान राजनीतिमा दुईवटा ध्रुवको शक्ति केन्द्र रहेको – बाँकी पृष्ठ २ मा

UAE को प्रतिष्ठित GEMS INTL. SCHOOL को लागि बैदेशिक रोजगारको अवसर

कम्पनी: INFRACARE MAINTENANCE AND CLEANING SERVICES LLC

पूर्व स्वीकृत मिति: २०२१/१०/२८ चलानी नं.: ६०१६७२६६ LT. No.: 249450 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 74 | 0 | स. काममा दक्ष | 800 | २८,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता २०७९ फागुन २९ र ३० गते (भोली र पर्सी) (11 & 12 March 2023) मा मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

(साथै DUBAI (Lt. No.:252533) कै CAR WASH कम्पनीको लागि CAR WASH को पनि आवश्यकता परेकोले उक्त पदको INTERVIEW २०७९ फागुन ३० गते (12 March 2023) काठमाडौं अफिसमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.

सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)

Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np

Mobile No.: 9801012690 | 9801175502 | 9801175503

श्रम इजाजत नं. ६३९/०६३/०६४

# उपत्यकाको एकीकृत विकासका लागि फोरम गठन

**काठमाडौं/मस**-काठमाडौं उपत्यकाको एकीकृत विकास गर्नका लागि काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीको संयोजकत्वमा उपत्यका प्रमुख प्रशासकीय अधिकृत फोरम गठन भएको छ । अन्तरपालिका सम्बन्ध, साझा कार्यक्रम, सहयोग र समन्वय सिकाइ, भोगाइ र अनुभव आदान-प्रदान गर्ने उद्देश्यले फोरम गठन गरिएको हो । फोरममा सार्वजनिक महत्वका विषयमा समान धारणा निर्माण गर्ने, जनप्रतिनिधिबाट तर्जुमा भएका नीतिगत निर्णयमा समान बुझाइ बनाएर उपत्यका एकीकृत विकासमा काम गर्ने विषयमा छलफल गरिने काठमाडौं महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले जानकारी दिए ।



उक्त फोरमले विशेषगरी उपत्यकाको सामुदायिक कुकुर र छाडा चौपाया व्यवस्थापन, डेङ्गीलगायत महामारी नियन्त्रण, वातावरणीय सुधार, ल्याण्डफिल साइटमा कमभन्दा कम फोहर लैजाने प्रणालीको विकास, सहरी उज्यालो, नदी व्यवस्थापन, सडक सञ्जालको प्रयोग, सार्वजनिक यातायात प्रणालीका विषयमा समेत सामूहिकरूपमा काम गर्ने छ ।

त्यसैगरी एकीकृत विद्युतीय सेवा सञ्चालनमा ल्याइएको, खरिद मूल्याङ्कन अधिकार विभाग र वडालाई दिइएको, आन्तरिक नियन्त्रण प्रणाली विकास गरिएको, वडाहरूको कार्यसम्पादन अनुगमन सूचक तयार पारिएको जस्ता कामलाई सिकाइका रूपमा अन्य पालिकामा विस्तार गरिने छ ।

फोरमले सामुदायिक विद्यालयहरूको सुधारका लागि प्रोफाइल तयार पारिएको, सहरी स्वास्थ्य क्लिनिकलाई स्तरोन्नति गरेर स्वास्थ्य प्रवर्द्धन केन्द्रका रूपमा रुपान्तरण प्रक्रिया शुरु गर्नेछ। विशेषज्ञ स्वास्थ्य सेवासहितका यी केन्द्र सञ्चालनमा सार्वजनिक सामाजिक उत्तरदायित्वको ढाँचा अवलम्बन गरिने उनले बताए ।

राजस्वको दर एउटै हुनुपर्ने, फोहरमैला व्यवस्थापनमा एउटै ढाँचाको कार्यक्रम चलाउनुपर्ने, पार्किङको मापदण्ड समान बनाउनुपर्ने विषय पनि फोरममा छलफल हुनेछ । साझा कार्यक्रमका विषयमा सिमाना जोडिएका नगरहरूका समान मापदण्ड बनाउन सके सेवाग्राहीमा सेवा सन्तुष्टि दिन सकिनेमा पनि छलफल अघि बढाइने अधिकारीले जानकारी दिए।

प्रमुख प्रशासकीय अधिकृत अधिकारीको संयोजकत्वमा फोरम गठन भएको भए पनि अन्य सबै नगरपालिकाको प्रशासकीय प्रमुखहरू फोरमको सदस्यका रूपमा रहनेछन् । हाल उपत्यकामा दुई महानगरपालिकासहित १६ नगरपालिका छन् ।

# 'संविधानले महिलालाई दिएको अधिकार अपूर्ण'

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ फागुन ।




नेपालको नयाँ संविधानले महिलालाई दिएको अधिकार अपूर्ण रहेको सरोकारवालाहरुले बताएका छन् ।

११३औं अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा रौतहटको गौर नगरपालिकामा आयोजित कार्यक्रमका वक्ताले नयाँ संविधानले महिलालाई केही अधिकार दिए पनि अझै महिलाहरू अधिकार सम्पन्न नभएको बताएका हुन् ।

पूर्व सांसद कल्याणी खडकाले समाज परिवर्तन हुँदै गएको र महिलालाई नेपालको नयाँ संविधानले केही अधिकार दिए पनि अझै महिलाहरू अधिकार सम्पन्न नभएको बताइन् । समान कामको समान ज्याला, राजनीतिमा सहभागिता, क्षमता विकास लगायतमा महिला अझै उपेक्षित रहेको उनको भनाइ थियो ।

श्री नारी चेतना महिला कृषक सहकारी संस्था लि. को सहकार्यमा गौर नगरपालिकाले शनिबार आयोजना गरेको कार्यक्रममा महिला अधिकारकर्मीहरूले समानता, महिला जागरण, महिला हिंसा न्यूनिकरण र प्रविधिमा महिलाको पहुँच बिस्तारमा जोड दिएका छन् ।

कार्यक्रममा पूर्व संघीय मन्त्री सरला यादवले २१ औ शताब्दीमा पनि महिलामाथि बोक्सीको आरोप लगाइ मानव मलमुत्र खुवाउनु महिला हिंसाको चरम सीमा भएको बताइन् । धेरै महिला यस्ता हिंसाका शिकार भइरहेको समाचार दिनहूँ आउने गरेकाले त्यस्ता घटना दोहोरिन नदिन सबै सचेत हुनुपर्ने यादवको भनाइ थियो । महिला लाई अवसर र अधिकार दिने भनेपनि राज्यले अझै कञ्ज्युस्याँइ गरिरहेको उनले गुनासो पोखिन् । उनले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने अवस्था रहेसम्म परिवर्तनको कल्पना गर्न नसकिने बताए ।

कार्यक्रममा गौर नगरपालिका प्रमुख शम्भु साहले अन्तर्राष्ट्रिय महिला दिवस र विकृति निवारण विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

श्री नारी चेतना महिला कृषक सहकारी संस्था लि.रौतहट गौरको अध्यक्ष गीता कुशवहाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस प्रदेश सदस्य किशोरी दास, गौर नगरपालिका प्रमुख साह लगायत उल्लेख्य संख्यामा महिला अधिकारकर्मीहरुको उपस्थिति रहेको थियो

## उपराष्ट्रपतिमा...

एमालेका उम्मेदवार सुवास नेम्वाङ पराजित भएको केही घण्टा पछि शाक्यलाई एमालेले उपराष्ट्रपतिको उम्मेदवार बनायो । 'जित निश्चित थियो भने एमालेले शाक्यलाई उम्मेदवार बनाउँदैनथ्यो' सुवास नेम्वाङको हकमा जस्तै टिप्पणी कतिपय एमाले नेताहरुकै छ । तथापि, शाक्यको उम्मेदवारीको प्रस्तावकमा अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, छविलाल विश्वकर्मा, गोकर्ण बिष्ट, रघुवीर महासेठ छन् भने समर्थकमा कृष्णगोपाल श्रेष्ठ, महेश बर्तौला, तुलसा दाहाल, भगवती न्यौपाने, यशोदा रिजाल रहेका छन् ।

उपराष्ट्रपतिमा उम्मेदवार रहेका बाँकी तीन उम्मेदवार नेपाली राजनीतिमा स्थापित हुनै बाँकी रहेका नेताहरु हुन् ।

जसपाबाट जसपा संसदीय दलका नेता रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी दर्ता भएको छ ।

रामसहायप्रसाद यादवको प्रस्तावकमा जसपा नेता अशोककुमार राई, प्रदीप यादव, एकीकृत समाजवादीका किसान श्रेष्ठ, माओवादी केन्द्रका शक्ति बस्नेत र नेपाली कांग्रेसका रमेशजंग रायमाझी छन् । समर्थकमा जसपाकी रेखा यादव, अम्बिका काफ्ले, एकीकृत समाजवादीका प्रकाश ज्वाला, खिमलाल देवकोटा, भानुभक्त जोशी रहेका छन् ।

२०२७ साउन ९ गते सिम्रौनगढ नगरपालिका ३ बारामा जन्मिएका रामसहायप्रसाद यादव १७ वर्षको शिक्षण पेशालाई छोडेर राजनीतिमा आएका नेता हुन् । आफूलाई समानताको पक्षधरका रुपमा परिचित गराउन चाहने उनी मधेश आन्दोलनपछि राजनीतिमा सक्रिय भएका हुन् । यादव संघीय समाजवादी पार्टी नेपालको महासचिव हुँदै हाल जसपामा छन्।

२०४७ मा नेपाल सद्भावना पार्टीमा आवद्ध भएर राजनीतिमा होमिएका उनी तत्कालीन संघीय समाजवादी फोरमको संस्थापक हुन् । संसदमा भने उनी २०६४ मा पहिलो संविधानसभा सदस्यमा समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्दथे । ०७४ मा पनि सांसद भए । ०७९ को पनि चुनाव जितेर आएका यादवलाई जसपाले उपराष्ट्रपतिको उम्मेदवार बनाएको हो ।

अर्थात, रामसहायप्रसाद यादव नेपाली राजनीतिमा लामो समयदेखि रहेका तर, पार्टीको आन्तरिक जीवनमै रुमल्लिएका नेता हुन् ।

यसपटक पार्टी अध्यक्ष उपेन्द्र यादवको चाहनामा स्वयम आफूलाई संसदमा ल्याउने रणनीति अनुसार उपराष्ट्रपतिमा यादवलाई उम्मेदवार बनाइएका हुन् । यादव निर्वाचित भएको खण्डमा खाली भएको क्षेत्रमा आफू उपचुनाव लड्ने र सत्ता गठबन्धनको बलमा चुनाव जितेर संसद छिर्ने अध्यक्ष यादवको चाहना छ। तर, निर्वाचन आयोगले राष्ट्रपतिमा पुरुष भएकाले उपराष्ट्रपति महिला हुनुपर्ने भनेपछि अध्यक्ष यादव झस्किएका छन् ।

केही गरी पुरुष उपराष्ट्रपतिको उम्मेदवार हुन नसक्ने निर्णय भएको खण्डमा पार्टीकै तर्फबाट उपराष्ट्रपति बनाउनका लागि जसपाले प्रमिला यादवको उम्मेदवारी दर्ता गराएको छ ।

२०२४ भदौ १ गते सप्तरीमा जन्मिएकी प्रमिला कुमारी आफूलाई समानता र सामाजिक न्यायको पक्षधरका रुपमा परिचित गराउन चाहिन्छन् । नेता कुमारी पार्टीका महिला र शिक्षक फाँटमा बढी क्रियाशील छिन् । उनी ०६२/०६३को जनआन्दोलनपछिको मधेश आन्दोलनपछि राजनीतिमा लागेकी नेता हुन् ।

२०६२ सालमा मधेशी जनअधिकार फोरम नेपालबाट राजनीतिमा क्रियाशील भएकी उनी २०६४ मा जिल्ला कोषाध्यक्ष भएकी थिइन्। उनी मधेशी महिला फोरम नेपालको जिल्ला अध्यक्ष २०६४ मै भएकी थिइन् । मधेशी शिक्षक फोरम, नेपालको केन्द्रीय उपाध्यक्ष २०६४ देखि २०७४ सम्म भइन् । संघीय समाजवादी फोरम नेपाल केन्द्रीय सल्लाहकार समिति सदस्य २०७३ हुँदै केन्द्रीय सदस्यसम्म ।

उनी राष्ट्रिय सभा सदस्य निर्वाचन २०७४ मा प्रदेश २ बाट निर्वाचित भएकी थिइन्। राजनीति अघि उनी निरन्तर २५ वर्ष शिक्षण पेशामा थिइन् ।

रामसहायप्रसाद यादव प्रमिला यादवले प्रतिनिधित्व गर्ने जसपा, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहितका सत्तारुढ गठबन्धनमै रहेको दल जनमत पार्टीकी नेता ममता झाले पनि उपराष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा जनमत पार्टीका अब्दुल खान, अनिता देवी, नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी, अविराम शर्मा, रुपाकुमारी यादव रहेका छन् । समर्थकमा गोमालाम सापकोटा, विनिताकुमारी सिंह, बसन्तकुमार कुशवाह, रामप्रकाश चौधरी, रानीकुमारी तिवारी रहेका छन् ।

सदभावना पार्टीबाट राजनीति सुरु गरेकी ५३ वर्षीय झा जनमत पार्टीकी सप्तरी जिल्ला इञ्चार्ज छिन् । उनी गत स्थानीय तह चुनावमा राजविराज नगरपालिकाको मेयरमा उम्मेदवार थिइन् । तर, पराजित भएकी थिइन् । उनै झालाई जनमतले उपराष्ट्रपतिको उम्मेदवार बनाएको हो ।

## पुरुष...

गरिएको छ । 'नयाँ संविधानको व्यवस्था तथा आयोगको निर्णयविपरीत तथा विगतको दुबै निर्वाचनमा स्थापित अभ्यास र संविधानको व्यवस्थालाई बेवास्ता गरी श्री रामसहायप्रसाद यादवको उम्मेदवारी परेकाले पुरुषबाहेक महिलाहरु अयोग्य र असक्षम हुन्छन् भन्ने मान्यतालाई बलपूर्वक स्थापित गर्ने हुँदा उल्लिखित संवैधानिक र कानुनी व्यवस्था तथा निर्वाचन आयोगको मिति २०७९/११/२६ को निर्णय र सो आधारमा जारी निर्देशनसमेतको विरुद्धमा हुँदा वहाँको उम्मेदवारी खारेज गरिपाउँ' उजुरीमा भनिएको छ ।

## राष्ट्रपतिको...

मन्दिरमा दर्शन तथा पूजाआजाका लागि पुगेका राष्ट्रपति पौडेलले करिब आधा घन्टा बिताएका थिए। पशुपतिनाथको दर्शन तथा पूजा सकेपछि उनले सुन्दरीजलस्थित बिपी संग्रहालय पुगेर जननिर्वाचित प्रधानमन्त्री एवम् कांग्रेसका संस्थापक बिपी कोइरालालगायत नेताको सालिकमा माल्यार्पण गरेका थिए । उनी पशुपति प्रवेश गर्दा र त्यहाँबाट निस्केर सुन्दरीजल जाँदा सडक खाली गरिएको थियो । एकतर्फी लेन खाली गराउँदा सवारी आवागमन ठप्प भएको थियो । सर्वसाधारणले सडकमै हर्न बजाएर विरोध गरेका थिए । अर्थात, सवारीमा सडक खाली गराएपछि आलोचना खेपिरहेका राष्ट्रपति पौडेलले सोमबार पद तथा गोपनीयताको शपथ लिँदै छन् ।

निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी दुई कार्यकाल राष्ट्रपति बनेर जाँदैगर्दा सवारीमा सडक खाली गराउने प्रबृति नत्यागेको आरोप पनि लिइरहेकी छन्। गत २७ माघमा राष्ट्रपति भण्डारी संसद्को संयुक्त अधिवेशनलाई सम्बोधन गर्ने जाने वेला सडक खाली गराइएको थियो। त्यसवेला चिकित्सकसमेत कुटिएपछि भण्डारीको आलोचना भएको थियो। तर उक्त आलोचनाबाट नयाँ राष्ट्रपतिले पनि केही नसिकेको भनी आलोचना भइरहेको छ ।

## फेरि...

'कांग्रेसबाहेकको गठबन्धनमा वाम र समाजवादीहरु मात्रै हुने अवस्थामा समाजवादी मोर्चाको आवश्यकता थिएन' माओवादीका महासचिव देव गुरुङ भन्छन्, 'कांग्रेस र कम्युनिस्टको सत्ता समीकरणका वाम समाजवादी मोर्चाको आवश्यकता हुनु स्वभाविक हो ।'

पछिल्लो समय द्वन्दकालीन विषयलाई लिएर सर्वोच्च अदालतमा प्रधानमन्त्री तथा माओवादी केन्द्रका प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि माओवादी धारहरु पनि नजिकिन थालेका छन्। यही बेला वाम समाजवादी मोर्चाको विषय माओवादी केन्द्रले अगाडि बढाउन खोजेको हो ।

द्वन्द्वकालीन मुद्दाकै कारण एकातिर माओवादी मोर्चाको सम्भावना बलियो बनेको छ भने यही जगमा टेकेर नेपालका कम्युनिस्ट शक्तिहरुबीचको एकताको पहल समेत शुरु भएको छ ।

गत साता राजधानीमा आयोजित एक कार्यक्रममा तत्कालीन माओवादी सहयात्रीहरु प्रचण्ड, मोहन वैद्य किरण, नेत्रविक्रम चन्द विप्लव, सिपी गजुरेल, धर्मेन्द्र ओझा लगायतका नेताहरु एकै मञ्चमा उपस्थित भएका थिए । उनीहरुले पछिल्लो पटक माओवादी जनयुद्धको औचित्यसँगै माओवादी विचारधारामाथि नै प्रहार हुन थालेको भन्दै सशक्त प्रतिकार गर्ने बताएका थिए । छिन्नभिन्न भएका माओवादी धारका कम्युनिस्ट घटकहरू धेरै समयपछि यसरी एकै मञ्चमा अटाएका हुन् ।

शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी विषय सत्यनिरूपण तथा मेलमिलापको माध्यमद्वारा टुंगो लगाउनुपर्छ भन्ने उनीहरुको साझा मत छ । यसबारेमा उनीहरुले आइतवार संयुक्त अपिल गर्ने भएका छन् । प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले केही दिनमा समाजवादी मोर्चा नै बन्ने विश्वास व्यक्त गरेका छन्। र, त्यही समाजवादी मोर्चाको जगमा कम्युनिस्ट एकताको पहल समेत गरिने उनी बताउँछन् ।

शनिबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा मधेस प्रदेशमा कार्यरत पार्टी केन्द्रीय सदस्यहरूको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले पहिला समाजवादी मोर्चा बनाएर त्यसपछि कम्युनिस्टहरूको बृहत्तर एकताका निम्ति बहस सुरू गरिने बताएका हुन् ।

'जनयुद्ध र जनआन्दोलनका मुद्दा सम्बोधन भइसकेका छैनन्, शान्ति प्रक्रिया टुंगोमा पुगिसकेको छैन । शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायको सिद्धान्तका आधारमा राजनीतिक निकास दिने जिम्मेवारी हाम्रो काँधमा छ । यसका निम्ति समाजवादी शक्तिहरूको सहकार्य र एकता जरूरी छ,' यसका निम्ति माओवादी धारका कम्युनिस्ट घटकहरूबीच छलफल भइरहेको पनि प्रधानमन्त्री प्रचण्डले जानकारी गराएका छन् ।

संसारमा एकपटक कम्युनिस्ट आन्दोलन पराजित भएपछि उठेर आएका बिरलै दृष्टान्त भएकोले चुनौति भने रहेको उनको स्वीकारोक्ति छ । त्यसैले बृहत्तर वामपन्थी एकतामार्फत् चुनौती छिचोलेर समाजवादको ढोका खोल्नुपर्ने उनको भनाइ छ, 'चाहे पूर्वी युरोप हेर्नुस्, चाहे पश्चिम बंगाल वा अन्य ठाउँको क्रान्ति हेर्नुस् । क्रान्तिले धक्का खाएपछि उठ्न कठिन हुन्छ । नेपालमा पनि हामी चुनौती र सम्भावनाको दोसाँधमा छौं ।'

समाजवादी मोर्चा बनेपछि त्यसले कम्युनिस्ट पार्टीहरूको एकताका निम्ति समेत नयाँ आधार सिर्जना गर्ने उनको विश्वास छ । त्यसको पहल माओवादीहरूले नै लिनुपर्ने प्रचण्ड बताउँछन् । एमालेभित्र पनि ठूलो पंक्ति वामपन्थीहरूको एकताको पक्षमा रहेको र हिजोको नेकपा फेरि पुनःस्थापित गर्नुपर्छ भन्ने मत उनीहरुको भएको प्रचण्डको भनाइ छ। एमालेभित्रको त्यो मत क्रान्ति र कम्युनिस्ट आन्दोलनको हितमा रहेकोले कम्युनिस्ट एकताको अग्रसरता लिनुपर्ने आवश्यकता उनी औंल्याउँछन् ।

एमालेभित्र अधिकांश नेता-कार्यकर्ता फेरि नेकपा चाहिन्छ भन्ने पक्षमा भए पनि मूल नेतृत्व भने कम्युनिस्ट एकताको विरूद्धमा भएको प्रचण्डको ठम्याइ छ । 'त्यसैले त्यो प्रवृत्तिलाई पराजित गर्दै हामीले फेरि एकताका निम्ति बहस गर्ने बेला आयो । माओवादी धार र सच्चा वामपन्थीहरूको एकताका निम्ति हामीले नै नेतृत्व लिनुपर्छ,' प्रचण्डको भनाइ छ। यस विषयमा नेता-कार्यकर्ता जनतासम्म पुगेर उनीहरूको सुझाव समेत लिएर नयाँ ढंगले समीक्षा गर्न आवश्यक रहेको उनी भन्छन् । त्यसैको आधारमा माओवादी केन्द्र अगाडि बढ्ने अध्यक्ष प्रचण्डले जानकारी गराएका छन् ।

## कार्यगत...

उम्मेदवार ममता झालाई समर्थन गरेका छन् ।

'लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी एवम् नागरिक उन्मुक्ति पार्टीबीच आपसी समझदारीको आधारमा सहकार्य गर्दै कार्यगत एकताको निम्ति सहमति भएको छ,' तीन दलको सहमति पत्रमा उल्लेख छ। सहमतिपत्रमा जनमत पार्टीका अध्यक्ष सिके राउत, लोसपाका अध्यक्ष महन्थ ठाकुर र उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले हस्ताक्षर गरेका छन् । यसअघि जनमत र नागरिक उन्मुक्ति पार्टीबीच कार्यगत एकताका लागि सहमति भएको थियो । त्यसमा पछिल्लो पटक लोसपा समेत थपिएको हो ।

## उपराष्ट्रपति...

उल्लेख गर्दै एउटाको नेकपा (एमाले) र अर्कोको नेपाली कांग्रेसले नेतृत्व गरिरहेको बताए। नेपाली कांग्रेसले विकास निर्माणमा अवरोध, मुलुकको राष्ट्रिय स्वाभिमान, स्वाधीनता र राजनीतिक स्थायित्व कमजोर बनाउने गठबन्धनको नेतृत्व गरिरहेको उनले आरोप लगाए । यो जनताले दिएको जनादेशकै परिणाम भएकाले अहिले जनताले नै यसलाई भोग्नुपरेको उनले बताए ।

सरकार र सत्तारूढ १० दलीय गठबन्धनले अस्थिरता निम्त्याएको आरोप लगाउँदै पोखरेलले एमाले शक्ति आर्जन र कमिटीलाई व्यवस्थित गरेर बहुमत जनताको विश्वास जित्न लागिपरेको जनाए।

वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीलाई स्थापित गर्न प्रत्येक पालिकामा संसदीय दल बनाउन निर्देशन दिएका छन् । समृद्धि र विकास निर्माणमा जननिर्वाचित प्रतिनिधिको भूमिका प्रभावकारी बनाउन जरुरी रहेको बताउँदै पोखरेलले भ्रष्टाचार, सामाजिक भेदभाव र कुसँस्कार दण्डनीय हुने चेतावनी दिए ।

जिल्ला भेलालाई सम्बोधन गर्दै एमाले सचिव रघुवीर महासेठले अन्य सबै पार्टी आउने चुनावमा एक हुने सम्भावना भएकोले एमाले एक्लैले ५१ प्रतिशत भन्दा बढी विश्वासको मत ल्याउने गरी तयारी सुरु गरेको बताएका छन् ।

त्यस्तै, एमालेका स्थायी कमिटी सदस्य गुरु बरालले अवसरका लागि प्रयास गर्नु ठिक भएपनि अवसरवादी हुनु निन्दनीय रहेको बताएका छन् । भेलालाई प्रशिक्षण दिदै बरालले अवसरवादी चिन्तन खतरनाक रहेको र माओवादीले देखाएको दक्षिणपन्थ अवसरवाद आत्मसमर्पण, प्रतिक्रियावाद र विसर्जनवाद हुँदै पलायन हुने बाटोमा अघि बढेको बताए ।

त्यसैगरी ,एमाले पोलिटव्यरो सदस्य रामदयाल मण्डलले मुलुकको समृद्धि, विकास र स्वाभिमानको रक्षाका लागि एमाले जनतालाई एकताबद्ध गराएर अघि बढन तयार रहेको बताए ।

एमाले जिल्ला अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य सुमनराज प्याकुरेल, केन्द्रीय सदस्यहरु सरिता गिरी र राजकुमार लेखीले राष्ट्र, राष्ट्रियता, समृद्धि र विकासको अभियानमा सबै राजनीतिक दलहरुलाई एकतावद्ध हुन आह्वान गरेका छन् ।

जिल्ला उपाध्यक्ष अब्दुल मजिद साकिरले स्वागत तथा सचिव देवनाथ यादवले सञ्चालन गरेको कार्यक्रममा नेपाली कांग्रेस (बिपी) का नेता तथा गत निर्वाचनमा प्रदेश सभा सदस्यका उम्मेदवार प्रतिमाकुमार देव एमाले प्रवेश गरेका छन् ।

Government of Nepal
Ministry of Urban Development
**Department of Urban Development & Building Construction**
**Project Office of Urban Development & Building Construction**
**Bhadrapur, Jhapa**

**Invitation for Bids (IFB) :- 09/2079/80**

First date of publication: 2079/11/28 B.S.

1. **Project Office of Urban Development & Building Construction(PUDBC), Jhapa** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document.

| S N | Contract ID | Description of Works | Estimated Amount (Without VAT and contingencies) | Bid security Amount |
|---|---|---|---|---|
| 1 | PUDBC/Jhapa/Work/NCB/25/79/80 | Construction of urban infrastructure at Himali Sahar of Olangchunggola, Taplejung | 17,094,016.97 | 512,000.00 |

2. A complete set of Bidding Documents (Latest Revision) may be downloaded from the PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)
   **Information to deposit the cost of bidding document in Bank:**
   Price of Bid Documents : Nrs. 3,000.00, Name of the Bank: Rastriya Banijya Bank, Bhadrapur, Jhapa, Name of Office : Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa, Office Code no.: 347011201, Office Account no.: 1000200010000, Rajaswa Shirshak No. : 14229
   **Information to deposit the Bid Security as cash in Bank (In case, if Required) :**
   Name of the Bank : RastriyaBanijya Bank, Bhadrapur,Jhapa, Name of Office: Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa,Office Code no.: 347011201, Office Account no.: 2210100102030000
3. General Information related to Electronic Bids are:

| Date of Pre Bid Meeting | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|
| 2079/12/20,11:00 at PUDBC-Jhapa | 2079/12/29,12:00 at PUDBC-Jhapa | 2079/12/29,13:00 at PUDBC-Jhapa | Minimum 90 daysfrom the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Project Chief**

स्ववियु निर्वाचन

# उत्साहजनक उम्मेदवारी दर्ता
# आज दाबी विरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि देशभरका क्याम्पसमा शनिबार उत्साहजनक रुपमा उम्मेदवारी दर्ता भएको छ। उम्मेदवारीसँगै विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन हुने सुनिश्चित भएको छ। त्रिभुवन विश्वविद्यालय (त्रिवि) विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले छिटफुट क्याम्पसमा बाहेक देशभरि नै सबै क्याम्पसमा उम्मेदवारी दर्ता भएको जानकारी दिए। उनका अनुसार उम्मेदवारी दर्ता प्रक्रिया रोकिएका क्याम्पसमा वार्ताबाट सहमति गरिनेछ।

विद्यार्थी संगठनले आ-आफ्नो ब्यानरसहित उम्मेदवारी दर्ता गराउन क्याम्पसमा पुगेका थिए। स्ववियु निर्वाचनका लागि प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवारीले मनोनयन गरिएको हो। शनिबार बिहान ११ बजदेखि दिउँसो २ बजेसम्म स्ववियु निर्वाचनमा विद्यार्थी संगठनका तर्फबाट उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका हुन्। अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन्। निर्वाचनमा २८ वर्षे उमेर हदबन्दी कायम गरिएको छ। प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवार वि.सं २०५१ फागुन २८ गते जन्म मितिको र सोभन्दा पछि जन्मेका विद्यार्थीले उम्मेदवार बन्न पाउने छन्।

निर्वाचनका लागि वार्षिक परीक्षाअन्तर्गत कार्यतालिका प्रकाशन भएसँगै भर्ना र सेमेष्टरतर्फ एक हप्ताअघि नै भर्ना प्रक्रिया रोकिएको थियो। त्रिविले यसअघि पटक-पटक निर्वाचन घोषणा गरेपनि विद्यार्थी संगठनबीच भएको विवादले निर्वाचन हुन सकेको थिएन। प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन वि.सं २०६५ यता नियमित हुनसकेको छैन। वि.सं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा वि.सं २०७३ चैत १५ गते भएको थियो। निर्देशनालयका निर्देशक अधिकारीका अनुसार मनोनयन पत्र दर्ता गराएका प्रत्यक्षतर्फका उम्मेदवारको नाम नामावली प्रकाशन गरिएको छ।

उम्मेदवारको नामावली उपर दाबी विरोध फागुन २८ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म तोकिएको छ। उम्मेदवार माथिको दाबी उपरमाथि छानबिन गरेपछि फागुन २८ गते बेलुका ५ बजे नामावली प्रकाशन गर्ने, फागुन २९ गते दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र सोही दिन दिउँसो २ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने समय तोकिएको छ। स्ववियु निर्वाचन आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ। निर्वाचनमा देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ।



### आरआर विवाद, खुकुरी प्रहार गर्ने पक्राउ

काठमाडौं/मस-स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)निर्वाचनका लागि उम्मेदवारी दर्ताका क्रममा रत्नराज्यलक्ष्मी (आरआर) क्याम्पसमा खुकुरी प्रहार भएको छ। उम्मेदवारी दर्ता गर्ने क्रममा विद्यार्थी समूहबीच विवाद बढेपछि खुकुरी प्रहार गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नेकपा एकीकृत समाजवादीको विद्यार्थी संगठन अनेरास्ववियुका सन्दीप चन्द रहेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी सीताराम रिजालका अनुसार उनलाई महानगरीय प्रहरी वृत्त सिंहदरबारमा राखेर थप अनुसन्धान अगाडि बढाइएको छ।

विवाद बढेपछि नेकपा एकीकृत समाजवादी निकट समाजवादी विद्यार्थी युनियनका विद्यार्थीले एमाले निकट अनेरास्ववियुका विद्यार्थीमाथि खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ। खुकुरी प्रहारबाट राज न्यौपाने, अनिल बोहरा र विवेक गैरे घाइते भएका छन्।

फर्जी विद्यार्थी खडा गरिएको भन्दै आरआरमा विवाद बढेको थियो। विवाद बढेपछि कांग्रेस निकटको नेविसंघ, माओवादी निकटको अखिल क्रान्तिकारी लगायत सत्तारुढ विद्यार्थी संगठनले क्याम्पसमा तालाबन्दी गरेका छन्।

**निर्वाचनलाई शान्तिपूर्ण बनाउन अनुरोध**

विभिन्न विद्यार्थी संगठनले आसन्न स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियु) को निर्वाचनलाई शान्तिपूर्ण, मर्यादित र निष्पक्ष ढंगले सम्पन्न गर्ने वातावरण निर्माण गर्न सरकार समक्ष अनुरोध गरेका छन्। नेपाल विद्यार्थी संघ (नेविसंघ), अखिल (क्रान्तिकारी) र अनेरास्ववियुले विज्ञप्ति जारी गरी शान्तिपूर्ण निर्वाचनको लागि सरकार, सम्बन्धित विश्वविद्यालय तथा क्याम्पस प्रशासनसँग आग्रह गरेका हुन्। उक्त कार्यमा आफूहरू प्रतिबद्ध रहेको ती संगठनको भनाइ छ।

आसन्न स्ववियु निर्वाचनमा नेविसंघ, अखिल (क्रान्तिकारी) र अनेरास्ववियु गरी तीन विद्यार्थी संगठनबीच तालमेल गरेर जाने सहमति पनि भएको छ। ती संगठनले सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयअन्तर्गत काठमाडौं उपत्यका र उपत्यका बाहिर समेतका क्याम्पसमा तालमेल गरेर जाने सहमति भएको विज्ञप्तिमा उल्लेख छ। सहमतिअनुसार सबै संगठनको मातहतका कमिटीहरुले कार्यान्वयन गर्न/गराउनु निर्देशन गरिएको छ।

# मोना कतारको अध्यक्षमा पौडेल

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ फागुन



म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारको अध्यक्षमा राजु पौडेल निर्विरोध निर्वाचित भएका छन्। संघको एघारौं साधारण सभाबाट पौडेल आगामी एक कार्यकालका लागि अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन्। साधारण सभाले कार्यसमितिका अन्य पदाधिकारीहरू समेत चयन गरेका छन्। जसमा वरिष्ठ उपाध्यक्षमा बाबुराम भण्डारी, प्रथम उपाध्यक्ष हेम बानियाँ, महासचिव भुमिश्वर सापकोटा, सचिव- गृहप्रसाद शर्मा (कृष्ण), कोषाध्यक्ष सुमन घर्ती, सह-कोषाध्यक्ष यममाया रोका, महिला संयोजक टीकामाया रोका, महिला उप-संयोजक खुमा पुन, बेनी नगरपालिका संयोजक कमल खत्री, अन्नपूर्ण गाउँपालिका संयोजक कृष्ण खड्का (शिव), रघुगंगा गाउँपालिका संयोजक नरेन्द्रकुमार दर्जी छन्। यस्तै कार्यसमितिका सदस्यहरूमा कमल परियार, राम बहादुर विक, गंगाघर कँडेल, टेकनाथ सुवेदी, बमबहादुर थापा, वीर बहादुर सुनार, रिपोट खत्री, रोशन पौडेल, भुपेन्द्र बहादुर पुर्जा, रुकुम बहादुर वि.क र विष्णु खत्री रहेका छन्।

निर्वाचित कार्यसमितिलाई संस्थापक अध्यक्ष तथा निर्वाचन समितिका संयोजक प्रेम रसाइलीले पद तथा गोपनीयताको शपथ ग्रह गराएका थिए। संघको एघारौं साधारण सभा तथा २० औं वार्षिकोत्सव संघका अध्यक्ष नरेन्द्र फगामीको सभापतित्व तथा संस्थापक अध्यक्ष तथा संरक्षक प्रेम रसाइलीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। पञ्चेबाजासहित उद्घाटन गरिएको सभामा २० औं वर्षको केक काटेर खुसीयाली साटिएको थियो। अधिवेशनलाई मनोरञ्जनात्मक बनाउन राम बाबु, दर्शन केसी, यमुना पटेल, लक्ष्मी रसाइली, माया विश्वकर्मा, टीका परियार, लुना खतिवडा, दीपेन्द्र सुनार, बिक्की रनपाल, दीपक नेपाली, गङ्गा बस्नेत र विनोद परिवारले आफ्ना साङ्गीतिक प्रस्तुति दिएका थिए।

पञ्चेबाजामा गाइएको लाइभ दोहोरी र थाली नाच प्रमुख आकर्षण बनेको थियो। संघका महासचिव अजय कुँवरले प्रगति तथा आयव्यय विवरण प्रस्तुत गर्दै संघले कोभिड १९ ले आक्रान्त पारेको बेला म्याग्दीका सबै पालिकाहरूमा ४० लिटरको अक्सिजन सिलिन्डर, फ्लोमिटर १/१ खरिद गरी हस्तान्तरण गरेको, मोना आइइसीमार्फत म्याग्दीमा थप अक्सिजन कन्सन्टेटर पठाउन एक लाख रुपैयाँ रकम नगद सहयोग गरिएको जानकारी गराए।

यस्तै कोरोना कालमा कतारमा मृत्युवरण गरेका म्याग्दी रुमका निरप्रसाद कामीको परिवारलाई १ लाख ३५ हजार आर्थिक सहयोग गरिएको, वैदेशिक रोजगारीका लागि कतार आएर अप्ठ्यारोमा परेका म्याग्दी मालिका गाउँपालिका सिस्नेरीका हस्तबहादुर सुनारलाई दोहादेखि नेपालसम्मको एकतर्फी हवाई टिकट संस्थागत सहयोग गरिएको जानकारी पनि महासचिव कुँवरले गराए।

उनका अनुसार संघले २ वर्षमा ६३ हजार ७ सय २३ रियाल आम्दानी गरी ५६ हजार ९ सय १४ रियाल खर्च गरेको छ। जसमध्ये ६ हजार ८ सय ९ रियाल बचत गरेको आय व्यय विवरणमा उल्लेख छ।

साधारण सभामा कतारमा स्थापित विभिन्न सामाजिक, वैचारिक, साहित्यिक, साङ्गीतिक, विभिन्न जातीय संस्था र समुदायका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्ने वक्ताहरूले मोना कतारले गरेको कार्यसम्पादनको खुलेर प्रशंसा गरेका थिए। कार्यक्रममार्फत मोना कतारलाई विभिन्न समयमा सहयोग पुऱ्याउने व्यक्ति, अक्षयकोषमा सहयोग गर्ने समाजसेवी, पत्रकार, कलाकार तथा उत्कृष्ट कार्यसम्पादन गर्ने संघका विभिन्न ओहोदाका व्यक्तिहरूलाई सम्मान गरिएको थियो।

राजु पौडेलले स्वागत मन्तव्य राखेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि रसाइलीले विगतका दिन स्मरण गर्दै सञ्चारको पहुँच बिना नै सयौं किलोमिटर हिँडेर संस्थालाई चलायमान बनाइएको बताए। कार्यक्रमलाई संघका महासचिव अजय कुँवरले सहजीकरण गरेका थिए।

# जुम्ला क्याम्पसमा उम्मेदवारी दर्ता

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २७ फागुन



त्रिभुवन विश्वविद्यालयले चैत ५ गते स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्ने घोषणा गरेसँगै जुम्लामा पनि चुनावी रौनक बढेको छ। जुम्ला बहुमुखी क्याम्पसमा क्रियाशील विद्यार्थी संगठनहरुले शनिबार तामझामसहित उम्मेदवारी दर्ता गराएका छन्। क्याम्पसमा दर्ता भएका विद्यार्थी संगठनहरुले उम्मेदवारी दर्ताको निम्ति तोकिएको समयभित्रै उम्मेदवारी दर्ता गराएको निर्वाचन समितिका संयोजक उपप्राध्यापक प्रकाचन्द्र खत्रीले बताएका छन्।

निर्वाचन समितिले उम्मेदवारी दर्ताका लागि शनिबार बिहान ११ बजेदेखि २ बजेसम्म तोकेको थियो। तोकिएको समयभित्रै सौहर्द वातावरणमा मनोनयन दर्ता गराउने काम सकिएको खत्रीले जानकारी गराएका छन्। उनका अनुसार, कांग्रेस निकट नेविसंघले शुरुमै उम्मेदवारी दर्ता गराएको थियो। नेविसंघले महेश हमालको नेतृत्वमा प्यानल दर्ता गराएको हो। सचिवमा खगेन्द्र उपाध्याय र कोषाध्यक्षमा उर्मिला बुढा रहेको अध्यक्ष पदका उम्मेदवार हमालले बताए।

त्यस्तै, एमाले निकट अनेरास्ववियुले पनि उम्मेदवारी दर्ता गराएको छ। लोकेन्द्र बुढाको नेतृत्वमा प्यानल दर्ता भएको हो। अनेरास्ववियुबाट सचिवमा अनिता नेपाली र कोषाध्यक्षमा धनबहादुर बुढाले उम्मेदवारी दिएका छन्। त्यस्तै नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारी र नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियुले भने संयुक्त प्यानल दर्ता गराएका छन्। अध्यक्षमा अखिल क्रान्तिकारीबाट विष्णु भण्डारी र सचिवमा जयकृष्ण जैशी तथा कोषाध्यक्षमा अनेरास्ववियुका मेघराज देवकोटा सहितको प्यानल दर्ता गराएको अध्यक्ष पदका उम्मेदवार भण्डारीले बताएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राप्रविसंघबाट अध्यक्षमा हरि थापाले उम्मेदवारी दिएका छन् भने सचिवमा पञ्चकली बुढाले उम्मेदवारी दर्ता गराएकी छन्। नेपाल कम्युनिष्ट पार्टी विप्लव निकट अखिल क्रान्तिकारी विप्लवले पनि रमेश रावत (विक्रान्त) को अध्यक्षतामा सात सदस्यीय उम्मेदवारी दर्ता गराएको छ। यस्तै नेमकिपा निकट नेक्राविसंघले सचिव र कोषाध्यक्ष पदमा उम्मेदवारी दिएका छन्। स्वतन्त्र विद्यार्थी समूहले कोषाध्यक्षसहित दुई सदस्यमा उम्मेदवारी दिएका छन्।

आगामी चैत ५ गते हुन लागेको स्ववियु निर्वाचनको लागि जुम्ला बहुमुखी क्याम्पसमा आठ वटा विद्यार्थी संगठन र समूह दर्ता भएका थिए। स्ववियु निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउन आवश्यक तयारी गरिएको निर्वाचन समितिका सदस्य सचिव पदमबहादुर शाहीले बताएका छन्। जुम्लामा यसअघि २०६५ सालमा स्ववियु निर्वाचन भएको थियो।

**सिञ्जामा तीन पदमा निर्विरोध**

सिञ्जा बहुमुखी क्याम्पसमा स्ववियु सभापतिमा अखिल नेपाल स्वतन्त्र विद्यार्थी संघ (अखिल क्रान्तिकारी) का सन्तोष आचार्य निर्विरोध निर्वाचित भएका छन्। स्वतन्त्र विद्यार्थी युनियनको प्रकाशित तालिकाअनुसार सभापतिमा आचार्यको मात्रै उम्मेदवारी दर्ता भएकाले निर्विरोध निर्वाचित भएका हुन्।

सिञ्जा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख तथा स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समितिका संयोजक तिर्थबहादुर नेपालका अनुसार शनिबार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारी मनोनयनको लागि दिइएको समय तालिकामा आचार्य सहित ५ जनाको उम्मेदवारी दर्ता भएको छ।

उनकाअनुसार सभापतिमा आचार्य, सचिवमा सुनकेशा बुढा, कोषाध्यक्षमा दानबहादुर कामीको एकल उम्मेदवारी दर्ता भएको छ। त्यसैले तीनैजना निर्विरोध निर्वाचित भएका छन्। सदस्यमा भने गोपाल बुढा र अञ्जु आचार्यले उम्मेदवारी मनोनयन दर्ता गराएका छन्। क्याम्पस स्रोतका अनुसार विद्यार्थी संगठनहरुबीच पद बाँडफाँट गर्ने सहमति अनुसार अखिल क्रान्तिकारीका आचार्यले सभापति, सचिवमा अनेरास्ववियुकी बुढा र कोषाध्यक्षमा नेकपा एकीकृत समाजवादीका कामीले उम्मेदवारी दर्ता गराएका हुन्।

# शहीद नारायण पोखरेल क्याम्पसमा सापकोटा र बेलबासेको उम्मेदवारी




**प्रदीप ज्ञवाली/मध्यान्ह**
रुपन्देही, २७ फागुन

चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि रुपन्देहीको सैनामैनाको कलौनीस्थित शहीद नारायण पोखरेल रामापुर क्याम्पसमा दुईवटा प्यानलले मनोनयन दर्ता गराएका छन्।

स्वववियु निर्वाचनअन्तर्गत शनिबार उम्मेदवारको मनोनयन पत्र प्रत्यक्षतर्फको र समानुपातिकतर्फको नामावली दर्ता गराएका हुन्। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)बाट सुमित सापकोटाको अध्यक्षतामा प्यानलसहितको नामावली दर्ता गरिएको छ।

त्यस्तै, नेपाल विद्यार्थी संघ (नेविसंघ) को तर्फबाट मनोज बेलबासेको अध्यक्षतामा प्यानलसहितको उम्मेदवारी दर्ता भएको छ। अनेरास्ववियुबाट सापकोटा र नेविसंघबाट बेलबासेले आधिकारिक रुपमै मनोनयन दर्ता भएपछि स्ववियु सभापतिमा यी दुईबीच प्रतिस्पर्धा हुने पक्का भएको हो।

शहीद नारायण पोखरेल रामापुर क्याम्पसमा कुल मतदाता विद्यार्थी संख्या एक हजार एक सय पन्ध्र रहेको छ।

# स्थानीय सरकारलाई ध्यानाकर्षण पत्र



**कमल खड्का/मध्यान्ह**
रोल्पा, २७ फागुन

नेपाल विद्यालय कर्मचारी परिषद्ले कार्यविधि बनाई आवश्यक सेवा सुविधा उपलब्ध गराइदिन माग गर्दै शुक्रबार रुन्टीगढी गाउँपालिकालाई ध्यानार्कषण पत्र बुझएको छ। विद्यालय कर्मचारी परिषद्को राष्ट्रिय सम्मेलन २०७९ को घोषणापत्रको निर्देशनअनुसार ७ सय ५३ स्थानीय सरकारसमक्ष ध्यानार्कषण पत्र बझाउने कार्यक्रम रहेको परिषद्ले बताएको छ। विद्यालय कर्मचारीको माग पूरा नभएमा आन्दोलनका कार्यक्रम घोषणा गर्ने परिषद्को तयारी छ।

रुन्टीगढी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुले विगत लामो समयदेखि सेवा सुविधा नपाएको भन्दै परिषद्ले माग पूरा नभए आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको हो। सेवा सुबिधाका विषयमा पटक-पटक स्थानीय सरकारसँग सम्झौता गरेपनि कार्यान्वयन गर्ने कुरामा आनाकानी गरेको समेत परिषद्को भनाइ छ।

रुन्टीगढी गाउँपालिकामा पनि विद्यालय कर्मचारीहरुलाई हालसम्म पूर्णरुपमा तलबमान उपलब्ध नगराएको हुँदा तत्काल उक्त विषयमा गहन छलफल गरी आवश्यक निर्णय गरेर सेवा सुविधा उपलब्ध गराउन माग गरिएको छ। यस विषयमा सरकार गम्भीर नभएमा विद्यालय बन्द गराइ आन्दोलन गर्न बाध्य हुने परिषद्ले चेतावनी दिएको छ।

नेपाल विद्यालय कर्मचारी परिषद् रुन्टीगढी गाउँकार्यसमितिका अध्यक्ष शिवराज शर्मा, सचिव ज्ञानुमाया डाँगीसहितको टोलीले गाउँपालिकामा ध्यानाकर्षण पत्र बुझाएको हो।

# ईशनाथको बन्जरहामा विष्णु महायज्ञको तयारी पूरा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ फागुन



रौतहटको ईशनाथ नगरपालिका वडा नम्बर १ बन्जरहामा श्री श्री श्री १००८ पाँच कुण्डीय विष्णु महायज्ञको तयारी पूरा भएको छ। सो वडाका अध्यक्ष विगु साह 'व्यास जी'ले दिएको जानकारीअनुसार यज्ञको एक समारोहबीच नगर प्रमुख कौशल्या देवी सिन्हाले फागुन २९ गते सोमबार उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

नौ दिनसम्म सञ्चालन हुने महायज्ञमा आउने भक्तजनको मनोरञ्जनका लागि हरेक दिन दिउँसो पण्डित विधाशरण उपाध्यायबाट प्रवचन तथा सन्ध्याकालमा महाआरति पछि रामलिला तथा रासलिलाको व्यवस्था गरिएको वडाध्यक्ष साहले बताए।

भारतको वनारसका विद्वान पण्डित अरविन्द पाण्डेय मुख्य पुरोहितका रुपमा रहनेछन्। सो यज्ञका मुख्य यजमानको रुपमा रहेका समाजसेवी झगरु साह, चुल्हाई सहनी, खजान्ती प्रसाद, सुरेशप्रसाद साह र रामएकवाल साहले ध्वजा रोपनको दिनदेखि विधिपूर्वक नित्य पूजा सन्ध्या आरती गर्दै आइरहेका छन्। महायज्ञमा नेपाल र भारतका गरी लाखौं भक्तजन तथा दर्शनार्थी आउने अनुमान गरिएको आयोजकले मध्यान्हलाई जानकारी दिएको छ।

VACANCY
ANNOUNCEMENT
यस साउन्डलाईन्स रिक्रुटमेन्ट प्रा लि लाई निम्न कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिले तल उल्लेखीत ठेगानामा वायोडाटा पठाउनु होला।
PRO (Public Relation Officer) -3 (M/F)
ASSISTANT PRO -2 (M/F)
**योग्यता** :- +२ उतिर्ण गरि कम्तीमा २ वर्ष दुबई/ कतार/ साउदी अर्थात खाडी मुलुकमा आधारित जनसंपर्क अधिकृत भएर काम गरेकोलाई विशेष ग्राह्यता दिइनेछ।
SEND YOUR CV: nepal@soundlinesgroup.com, khatrijaggu@gmail.com
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
01-5193236/ 37/ 38/ 39 | 984-9462947



## सम्पादकीय

# निर्णयमा परिपक्वताको अपेक्षा

पूर्व सभामुख रामचन्द्र पौडेल मुलुकको तेस्रो राष्ट्रपति निर्वाचित भएका छन् । यद्यपि उनले औपचारिक कार्यभार सम्हाल्न भने बाँकी छ । पौडेल औपचारिक रूपमा शितलनिवास प्रवेश नगर्दै उनको आगामी भूमिकालाई लिएर आम जनतामा अपेक्षा र सन्देह दुवै बढेको छ । त्यसमा पनि नागरिकता विधेयक–२०७९ लाई लिएर अहिले आम चासो बढेको हो । हालका राष्ट्रपति विद्यादेवी भण्डारीले संसदले दुई दुई पटक पारित गरेर पठाएको विधेयक प्रमाणीकरण नगरेपछि निस्क्रिय भएको थियो । उक्त घटनाबाट भण्डारीको आलोचना समेत भयो । मानर्थ पद भए पनि राष्ट्रपति भण्डारीको उक्त कदम कार्यकारीको जस्तै भएको भन्दै आलोचना खेप्नुपर्‍यो ।

अहिले राष्ट्रपतिमा पौडेल निर्वाचित भएसँगै नागरिकता विधेयक फेरि अगाडि बढ्ने विश्वास गरिएको छ । उक्त विधेयकलाई यथासक्य छिटो प्रमाणीकरण गर्न सडकबाट दबाब समेत दिन थालिएको छ । सरोकारवालाहरूले नागरिकता विधेयक–२०७९ प्रमाणीकरणका लागि नवनिर्वाचित राष्ट्रपति पौडेलको ध्यानाकर्षण गराएका छन् ।

विधेयक प्रमाणीकरण नहुँदा जन्मको आधारमा नागरिकता पाएका नेपाली आमाबाबुका करिब ११ लाख सन्तानहरू नागरिकताबाट बञ्चित हुनुपरेको सरोकारवालाहरू बताउँछन् । आमा बाबु नेपाली नागरिक भएर पनि कानूनको अभावमा आफ्ना सन्तानलाई नागरिकता दिन नसक्ने अवस्था आएको उनीहरूको भनाइ छ ।

त्यसो त नागरिकता राष्ट्रियतासँग जोडिने तथा संवेदनशील विषय भएकाले अन्तर्राष्ट्रिय अभ्यासमा नागरिकता दिने नीति कसिलो हुन्छ । प्रस्तावित विधेयकमा भने खुकुलो प्रावधान राखिएको छ । ऐनको दफा ५ मा नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले वैवाहिक सम्बन्धको र विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गर्नासाथ अङ्गीकृत नेपाली नागरिकता पाउन सक्ने उल्लेख छ । विवाहपछि नेपालमै स्थायी बसोबास गरिरहेको छ/छैन, निजको चालचलन ठीक छ/छैन आदि कुनै मापदण्ड तय नगरी नेपाली नागरिकसँग विवाह गरेकै आधारमा तत्काल नागरिकता दिने विधेयकको उक्त दफामा पुनर्विचार गरी संशोधन गरिनुपर्ने कानूनका जानकारहरूकै मत छ ।

नेपालको संविधान अनुसार जन्मको आधारमा वंशजको नेपाली नागरिकता प्रदान गर्ने आधार वर्ष तथा वंशजको नेपाली नागरिकता पाएकी महिलाले श्रीमानको पहिचान नहुँदा स्वघोषणा गर्नुपर्ने प्रावधानमा पनि पुनर्विचार गरिनुपर्ने कतिपयको मत छ । किनभने नेपाल जस्तो भूपरिवेष्टित तथा खुला सिमाना भएको देशमा खुकुलो नागरिकता नीतिले सार्वभौमिकता, स्वाधीनता तथा अखण्डतामा आँच आउन सक्छ । कमजोरी सहितको विधेयक ऐनका रूपमा आए देशका लागि घातक हुन सक्ने भएकाले प्रमाणीकरण गर्नुअघि पुनर्विचार आवश्यक छ । त्यसैले नवनिर्वाचित राष्ट्रपति पौडेलले विवेकपूर्ण ढंगले निर्णय गर्नुपर्ने हुन्छ । राष्ट्र, राष्ट्रियता र नागरिकता जस्ता संवेदनशील विषयहरूमा प्रतिपक्षी विचार वा दलको निर्णय भनेर प्रतिशोधको भावले अपरिपक्व निर्णय गर्नु हुँदैन । कमसेकम नेपाली राजनीतिमा खारिएका र पूर्वसभामुख समेत भइसकेका पौडेलबाट हरेक निर्णय र कदममा परिपक्वताको अपेक्षा नेपाली जनताले गर्नु अस्वभाविक होइन ।

# प्रचण्डविरुद्धको मुद्दाले सिर्जित बहस

*राजनीतिक मुद्दा बनिसकेको विषयलाई नियमित अदालतको प्रक्रियामा लगेर किनारा लगाउन खोज्ने प्रयत्न बिलकुलै असंगतपूर्ण छ । यसले एकातिर सङ्क्रमणकालीन न्याय सिद्धान्त र सत्य निरूपण तथा मेलमिलाप आयोगको अधिकार क्षेत्रको त अतिक्रमण गर्छ नै अर्कोतिर शान्ति सम्झौताको पनि उल्लंघन गर्दछ ।*

अग्रलेख



● शम्भु पनेरु

जनयुद्धकालीन घटनालाई लिएर प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । अदालतमा मुद्दा परेसँगै प्रचण्ड स्वयम् त अत्तालिएका छन् नै समग्र माओवादी घटकमा पनि ठूलो तरंग सिर्जना भएको छ । मुद्दा परेसँगै राजनीतिकरूपमा ठूलो अन्योलता छाएको छ । मुद्दाको फैसला कस्तो आउला ? प्रचण्ड स्वयम् पनि यसको सम्भावित फैसलाप्रति ढुक्क देखिएका छैनन् । किनकी 'धोकाधडीको राजनीति'का बीच उनलाई पनि पत्याउने आधार अरुले नदेख्दा जे पनि हुनसक्ने सम्भावना देखिएको छ ।

अहिलेको राजनीतिमा कसैले कसैलाई विश्वास गर्ने अवस्था छैन । प्रचण्ड स्वयम् पनि निकै विश्वासहीन पात्र बनिसकेका छन् । हालै सरकार गठनदेखि सभामुख र राष्ट्रपति चुनावसम्मको दृश्य हेर्दा, एकले अर्कोलाई सिध्याउने कोणबाट मात्रै राजनीति अघि बढेको देखिन्छ । जसमा स्वयम् प्रचण्डले धेरैसँग दुरी बढाएका छन् । एकातिर संसदको संख्यात्मकरूपमा ठूलो दल एमालेसँग प्रचण्डको दुरी निकै फराकिलो बनिसकेको छ भने राजसंस्थापक्षधरसँग पनि प्रचण्डको दुरी सामान्य छैन । बाह्य शक्तिलाई पनि 'राजनीतिक कार्ड'को रूपमा खेलाउने प्रयत्न गरेको कारण प्रचण्ड बाह्य शक्तिका निम्ति पनि थप अविश्वासी बनेका छन् । यसले प्रत्यक्ष प्रभाव उनीविरुद्धको मुद्दाको फैसलामा पार्नसक्ने सम्भावना छ ।




अहिले प्रचण्ड नेपाली कांग्रेससहित आठ दललाई फकाउने प्रयत्नमा छन् । उनीहरुलाई भेला गर्दै आश्वत पार्ने पनि प्रयास गरिरहेका छन् । तथापी उनीहरुभित्रै पनि प्रचण्डलाई प्रयोग गर्ने मात्रै राजनीति हाबी भएको कारण निःशर्त सहयोग गर्ने अवस्था छैन । अर्कोतर्फ, प्रचण्डलाई सिध्याउने खेल सफल भएमा पनि उनीहरुलाई घाटा हुने छैन । किनकी प्रचण्डको खेल्ने खेलले पनि उनीहरु बेला-बेला आतंकित हुने गरेका छन् । गत पुस १० मा कांग्रेसलाई छक्याउँदै प्रधानमन्त्री बनेको घटनाबाट पनि कांग्रेसभित्र प्रचण्डप्रति ठूलो अविश्वासको अवस्था बनेको छ । प्रचण्डले जुन बेलामा, जे पनि गर्न सक्छन् भन्ने मनोविज्ञान उनीहरुमा देखिन्छ ।

प्रचण्डविरुद्धको मुद्दा स्वयम् प्रचण्डसँग नजोडिई माओवादी धाराका शक्तिका निम्ति पनि समस्या सिर्जना गराउने खालको भएको कारण अहिले माओवादी धारामा एकमत देखिएको छ । यो मुद्दामा उनीहरुले समान धारणासमेत बनाएको देखिन्छ । तथापी, प्रचण्डप्रति उनीहरुको बुझाइ भने सकारात्मक छैन । किनकी प्रचण्ड स्वयम्ले नै माओवादी आन्दोलनलाई विघटित र विसर्जित गराएका थिए । माओवादी आन्दोलनको इतिहासलाई नामेट बनाउने प्रयास स्वयम् प्रचण्डबाट भइरहेको छ । एमालेसँगको एकीकरण, विघटन र अहिले माओवादी केन्द्रभित्र भइरहेको नाम परिवर्तनसम्मको विषयले पनि उनी माओवादी आन्दोलनप्रति कति बहादार थिए र छन् भन्ने स्पष्ट पार्दछ ।

शान्ति प्रक्रियाभित्रको १६ वर्षे दौरानमा प्रचण्ड निरन्तर सत्ता नजिक छन् । तर, उनले किन द्वन्द्वकालीन मुद्दालाई किनारा लगाउने प्रयत्न गरेनन् ? बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगलाई किन सक्रिय बनाउन खोजेनन् ? यसको पछाडि निकै प्रश्नहरु छन् । प्रचण्ड यसबीचमा तीन/तीन पटक सत्ताको नेतृत्व गर्ने अवस्थामा पुगे । उनी आफैंले सघाएर अन्यलाई पनि सत्ताको नेतृत्वमा पुऱ्याए । तर, उनी स्वयम्ले यो मुद्दालाई किन प्राथमिकतामा राखेनन् ? यो सामान्य प्रश्न होइन ।

> *जनयुद्धकालीन मुद्दा प्रचण्ड एक्लैको मात्रै होइन, यो मुद्दा युद्धमा जोडिएका आम जनताको हो । माओवादी आन्दोलनको नेतृत्वमा प्रचण्ड रहेपनि त्यो आन्दोलन जनताको थियो । युद्धबाट प्रचण्डसहित अन्यले के-कति व्यक्तिगत फाइदा उठाए, त्यो विषय बेग्लै होला तर, आन्दोलन आम उत्पीडित जनताको मुद्दालाई लिएर लडिएको थियो ।*

१६ वर्षको दौरानमा प्रचण्ड निकै व्यक्तिवादी देखिए । उनले परिवार र निश्चित व्यक्तिका निम्ति समय फाले । उनले न आन्दोलनलाई जोगाए, न त पार्टीलाई । आज माओवादी टुक्रा-टुक्रामा विभाजित हुनुको पछाडि मुख्य हात उनै प्रचण्डको छ । आज प्रचण्डको नजिकका बाबुराम भट्टराई कहाँ छन् ? जनयुद्धका सैन्य कमाण्डर रामबहादुर थापा 'बादल' कहाँ छन् ? वैचारिक हिसाबले आन्दोलनको नेतृत्व गर्ने मोहन वैद्य 'किरण' कहाँ छन् ? कहाँ छन् जनयुद्धकालीन मुख्य नेतृत्व ? खै हिसाब ? के प्रचण्डको बदमासीले अहिलेको अवस्था सिर्जना भएको होइन ? हामी स्पष्ट हुन सक्छौं, अहिलेको अवस्था तत्कालिन माओवादी नेतृत्वको हिसाबले प्रचण्डमा आएको चरम बिचलनको नतिजा हो ।

तथापी, जनयुद्धकालीन मुद्दा प्रचण्ड स्वयम्को मात्रै होइन, यो मुद्दा युद्धमा जोडिएका आम जनताको हो । माओवादी आन्दोलनको नेतृत्वमा प्रचण्ड रहेपनि त्यो आन्दोलन जनताको थियो । आन्दोलनबाट प्रचण्डसहित अन्यले के-कति व्यक्तिगत फाइदा उठाए, त्यो विषय बेग्लै होला तर, आन्दोलन आम उत्पीडित जनताको मुद्दालाई लिएर गरिएको थियो । बिसर्जित हुनु अघि नै आन्दोलनले एक तहको उपलब्धी पनि बनाइसकेको थियो । गणतन्त्र, संघीयता, समानुपातिकता, समावेशिता माओवादी आन्दोलनका मुद्दा थिए । जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक आदि रूपमा उत्पीडनमा परेका जनतालाई राज्यशक्तिको केन्द्रमा पुऱ्याउने काम माओवादी आन्दोलनले नै सम्भव तुल्याएको हो ।

रामवरण यादव र विद्यादेवी भण्डारीले माओवादी आन्दोलनलाई गलत बुझाइसहित हेरेपनि उनीहरु राष्ट्रपतिको पदमा पुग्ने अवस्था पनि माओवादी आन्दोलनले नै गराएको हो । माओवादी आन्दोलनकै एजेण्डाले समावेशीता, समानुपातिकतालगायतको एजेण्डालाई स्थापित गर्दा मधेशीबाट यादव र महिलाबाट भण्डारी राष्ट्रपति बन्न सफल भएका हुन् । आज जतिपनि महिलाहरु, जतिपनि आदिवासी जनजाति, जतिपनि दलितहरु सांसद र मन्त्रीसहित विभिन्न नेतृत्व तहमा पुगेका छन्, त्यसको श्रेय माओवादी आन्दोलनलाई जान्छ ।

२००७ सालमा नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र आन्दोलन र त्यसपछिको १० वर्षे जनयुद्ध नेपालको राजनीतिक इतिहासमा सबैभन्दा ठूला आन्दोलन हुन् । यी आन्दोलनले नै व्यवस्था परिवर्तनमा मुख्य भूमिका खेलेका छन् । जनताको ठूलो हिस्साको सहभागिता भएको यी आन्दोलनलाई अपव्याख्या, अबमूल्यन गर्नु जनताको अभिमत विरोधी गतिविधि हुन्छ । जसले परिवर्तनको पक्ष होइन, परिवर्तन विरोधी कित्ताको नेतृत्व गर्दछ ।

निष्कर्षमा, माओवादी जनयुद्ध एउटा सम्झौतामा टुंगिएको युद्ध हो । तत्कालीन समय न माओवादीले राज्यपक्षलाई जितेको हो न त राज्यपक्षले माओवादीलाई हराएको हो । सम्झौतामा टुंगिएको युद्धसँग सम्बन्धित विषयलाई राजनीतिकरूपमा मात्रै हल हुनसक्छ । विश्वभरका उदाहरणलाई हेर्दा पनि सम्झौताका टुंगिएको युद्धको विषयमा कहिँ, कसैले मुद्दा लगाउने अवस्था रहेको देखिन्न । राजनीतिक मुद्दा बनिसकेको विषयलाई नियमित अदालतको प्रक्रियामा लगेर किनारा लगाउन खोज्ने प्रयत्न बिलकुलै असंगतपूर्ण छ । यसले एकातिर सङ्क्रमणकालीन न्याय सिद्धान्त र सत्य निरूपण तथा मेलमिलाप आयोगको अधिकार क्षेत्रको त अतिक्रमण गर्छ नै अर्कोतिर शान्ति सम्झौताको पनि उल्लंघन गर्दछ ।

जुन शैलीमा मुद्दा आएको छ, यो परिवर्तन उल्ट्याउने कोणबाट आएको देखिन्छ । यसले प्राप्त उपलब्धीलाई गुमाउने अवस्था बनाउँछ र राजनीतिलाई पुनः पुरानै अवस्थामा फर्काउँछ । व्यवस्था नै उल्ट्याउने गरी परिवर्तनविरोधी शक्तिहरु सक्रिय बनिरहेको बखत जनयुद्धकालीन घटनालाई लिएर मुद्दा आउनुको अर्थ परिवर्तनमाथिको प्रहार पनि हो । प्रचण्डविरुद्धको मुद्दा व्यक्तिगत नभएर आन्दोलनसँग सम्बन्धित मुद्दा भएको कारण माओवादी पक्षधर र परिवर्तन पक्षधर सजग रहन आवश्यक हुन्छ । नत्र, परिवर्तन उल्ट्याउने जोखिम निकै बढी देखिन्छ ।

*(लेखक पनेरु माओवादी आन्दोलनका पुराना नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- आस्था केसी**

नेपाल प्रहरीमा पहिलो पटक प्रोटोकल नमिचिकन एआइजी बढुवा सिफारिस भएको छ । यसअघि पहुँचका आधारमा बढुवा सिफारिस हुने गरेको भन्ने गुनासोलाई ध्यान दिँदै प्रधानमन्त्रीले बरियता मिचेर बढुवा नगर्न निर्देशन दिएका छन् । योसँगै नेपाल प्रहरीको वृत्तिविकास सिष्टममा जाने र प्रहरीको मनोबल बढ्ने छ ।



**- रञ्जित तामाङ**

राष्ट्रपतिको सवारीले जाममा परेँ, दुःख पाएँ भन्दै चर्को रोनाधोना छ । सवारीसम्बन्धी व्यवस्था संशोधनबारे हुनुपर्ने कुरा किन गर्दैनन् ? पढेलेखेका भनिएको मान्छेहरूको चेतना यत्ति थेत्तरो छ, अरूलाई के भन्ने ? त्यसै यो देशमा पुन्य गौतम, तारा बराल, डिल्लीराम खनाल चर्चित भएका होइनन् ।



**- मुमाराम खनाल**

ओली गठबन्धनबाट कांग्रेसले प्रचण्ड छिन्यो- कांग्रेस गदगद । ओलिले कांग्रेस गठबन्धनबाट प्रचण्ड छिने- एमाले गदगद । र, एमाले गठबन्धनबाट कांग्रेसले पुनः प्रचण्ड छिन्यो- फेरि कांग्रेस गदगद । एमाले र कांग्रेसले गरेको राजनीतिको 'प्रचण्ड' व्यभिचारलाई हामीले 'राजनीति' मानिदिनुपर्ने ?



**- शरदराज पाठक**

एक त मेहनतले पढ्नुपर्ने विद्यार्थीको दलीयकरण र दलको संगठन विस्तारका लागि स्ववियू चुनाव । त्यसमाथि पनि सहमति र भागबण्डा रे ! हत्तेरी, यसरी हुँदैन के ? सबै मिलेर रोकौं ! विद्यार्थीले पढुन्, जीवनपयोगी कुरामात्र सिकुन् । राजनीति शिक्षायल बाहिर आएर बल्ल गरून् ।

# अलेक्जेण्डर र 'एक्लो' बनेको रुस

ब्लग



● केदार सिटौला

> युद्ध सुरु भएको एक वर्ष पुग्दा अलेक्जेण्डर डुगीनले सार्वजनिकरुपमा जे लेखे, त्यसले उनको मात्रै होइन रुसका राष्ट्रपति पुटिन र समस्त रुसीहरुको मनोदशालाई समेत व्यक्त गरेको छ । यसले रुसको राजनीति कता बग्दैछ भनेर पनि संकेत गरेको छ । रुस एक्लो बन्दै गरेको पनि देखाउँछ ।

हरेक राष्ट्रका आ-आफ्ना विचारकहरु हुन्छन्, जसले ती देशका नीतिलाई प्रभावित गरिरहेका हुन्छन् । वाङ्ग हुनिमको विचारले चीनका राष्ट्रपति सी जिन्पिङलाई गहिरोसँग प्रभावित गरेको देखिन्छ । फ्रान्सिस फुकायामाको विचारले अमेरिकालाई केही दशकसम्म दोहोऱ्याएको थियो । उनीहरुजस्तै अलेक्जेण्डर डुगीनलाई चाहिँ रुसका राष्ट्रपति भ्लादमिर पुटिनको दार्शनिक मानिन्छ । डुगीनको विचारबाट पुटिन अत्याधिक प्रभवित देखिन्छन् ।

डुगीनको जन्म आजभन्दा करिब ६० वर्ष अगाडि मस्कोमा भएको थियो । उनका पिता सोभियत सेनाका कर्नेल थिए । उनकी आमा डाक्टर थिइन् । डुगीन युवा अवस्थादेखि नै सोभियत संघका तत्कालीन समाजवादी-साम्यवादी नीतिहरुका विरोधी थिए । उनका त्यस्तै गतिविधिका कारणले गर्दा कलेजबाट निस्कासित गरिएको थियो । तर, अध्ययनमा गहिरो रुची राख्ने डुगीनले फर्जी कार्ड बनाएर लाइब्रेरीमा गई स्वअध्ययन गरे । स्वअध्ययनको बलमै आफूलाई बौद्धिक वृत्तमा स्थापित गराएका अलेक्जेण्डर डुगीनलाई अहिले रूसमा महत्त्वपूर्ण दार्शनिक, राजनीतिक चिन्तक, विश्लेषक र रणनीतिकार मानिन्छ । उनी प्रखर लेखक पनि हुन् । उनले अहिलेसम्म ३० वटाभन्दा बढी किताबहरु लेखेका छन् । अलेक्जेण्डर डुगीनको विचारधाराले उदारवादको विरोध र रुसी राष्ट्रवादको पक्षपोषण गर्दछ । डुगीनको परिभाषामा रुस एउटा पृथक सभ्यता हो, जुन युरोएसियनवादमा आधारित छ । उनको मान्यतामा रुसले पहिलेको सोभियत संघको सिमानामा आधारित भएर तर, साम्यवादी विचारभन्दा अलग रहेर फेरि राष्ट्रको निर्माण गर्नु पर्दछ । उनको अवधारणाअनुसार रुस फेरि विश्व साम्राज्य बन्नु पर्छ । डुगीनका मान्यतामा रुसले युरोएसियन युनियनको रूपमा ग्रेटर रुसलाई ब्युँताएपछि मात्र अन्तराष्ट्रिय क्षेत्रमा गतिलो भूमिका खेल्न सक्छ ।

डुगीनका यस्तै उग्रराष्ट्रवादी विचारका कारण र २०१४ मा युक्रेनमा भएको घटनालाई उनले समर्थन गरे बापत अमेरिकाले प्रतिबन्ध लागाएको थियो । अलेक्जेण्डर डुगीनलाई युक्रेनले त झन मन पराउने कुरा नै भएन, उनी सुरुदेखि नै युक्रेनको निसानामा रहँदै आएका छन् । उनको हत्या गर्ने प्रयाससमेत भएको छ । गत वर्षको अगस्त महिनाको ३० तारिखमा रुसको राजधानी मस्को नजिकै एउटा महोत्सव भएको थियो । सो महोत्सवमा अलेक्जेण्डर डुगीनले पनि एउटा भाषण गरेका थिए । त्यो महोत्सवमा उनी र उनका छोरी दारिया डुगीन दुवै जना सहभागी भएका थिए । कार्यक्रमपछि बाबु र छोरी एउटै गाडीमा फर्किने योजना थियो । तर अन्तिम समयमा अलेक्जेण्डर डुगीनले छोरीको गाडीमा नचढेर अर्कै गाडीमा फर्किने निर्णय गरे । दारिया डुगीन चढेको कार केहीबेरमा बिस्फोट भयो । उनको छोरीको घटनास्थलमै मृत्यु भये । कसैले उनको कारमुनि विस्फोटक पदार्थ जडान गरिदिएको थियो । त्यो काम युक्रेनको गुप्तचर निकायले गरेको विश्वास गरिन्छ ।

अहिले रुस र युक्रेनबीच युद्ध सुरु भएको एक वर्ष नाघेको छ । एक वर्ष पुग्दा अलेक्जेण्डर डुगीनले एउटा महत्वपूर्ण लेख लेखेका छन् । उनले लेखेको लेखले युद्धका बारेमा समस्त रुसको मनोदशाको झलक दिन्छ । उनले लेखको एउटा अंशमा भनेका छन्, "विशेष सैन्य कारबाहीको एक वर्षबाट रुसका मित्र र पक्षधर राष्ट्रहरु आंशिक रूपमा निराश बनेका छन् । धेरैले सोचेका थिए कि रुसको सैन्य क्षमता उल्लेखनीय मात्रमा र गतिलो छ, जसले गर्दा युक्रेनको संकट सहजरूपमा समाधान हुनेछ । जसले गर्दा विश्व एक ध्रुवीयबाट बहुध्रुवीयतिर सजहरूपमा संक्रमण हुनेछ । सबैले यो कुरालाई स्वाभाविक र अपरिवर्तनीय ठानेका थिए । तर, रुसले समान गर्नु परेका कठिनाइले धेरैलाई समस्याग्रस्त र रक्तिम परिदृश्यतर्फ फर्कायो । रुससँग नेटोसमेत सामेल भएर पश्चिमाहरु पूर्ण युद्ध र आणविक द्वन्द्वको हदसम्म जाने सम्भावना देखियो । चीन, भारत, टर्की र अरु इस्लामिक देशहरु र ल्याटिन अमेरिकी देशहरु मुस्किलले यो परिवर्तनको लागि तयार थिए । बहुध्रुवीयताका अनुयायीहरुको यी सबै अव्यक्त सहयोगहरुको साथ (त्यसमाथि महान चीनको मित्रतापूर्ण नीति धन्य छ) ले गर्दा पश्चिमसँगको युद्धमा रुस नितान्तः एक्लो छ ।"

यो भनाइले केवल अलेक्जेण्डर डुगीनको मात्र होइन, रुसका राष्ट्रपति पुटिन र समस्त रुसीहरुको मनोदशालाई समेत व्यक्त गर्दछ । यसले रुसको राजनीति कता बग्दैछ भनेर पनि संकेत गर्दछ ।

*(सिटौलाको फेसबुक वालबाट साभार ।)*

## पाठकपत्र

# राजनीतिमा अर्को अनिश्चय

प्रधानमन्त्री चयनमा बनेको गठबन्धन राष्ट्रपति निर्वाचनमा विघटित बन्यो । राष्ट्रपति चुयनमा बनेको गठबन्धन उपराष्ट्रपति चयनसम्म आउँदा फेरि विघटित हुने अवस्था बनेको छ । उपराष्ट्रपतिमा सत्ता गठबन्धनबाटै सत्ता गठबन्धनबाटै तीन जनाको उम्मेदवारी परेको घटनाले अवस्थालाई झल्काउँछ । उपराष्ट्रपति उम्मेदवारी दर्ता गर्दा जसपा र जनमत पार्टीबीच त विवाद देखियो नै नागरिक उन्मुक्ति पार्टी पनि असन्तुष्ट देखियो । यसले आठ दलीय गठबन्धनभित्र अवस्था सहज छैन भन्ने स्पष्ट पार्दछ ।

अर्कोतिर, कांग्रेसका केही नेताले सार्वजनिकरुपमै गठबन्धनको भविष्य अन्योलमा पार्ने गरी अभिव्यक्ति दिएका छन् । प्रभावशाली नेता भनिने भन्नेले नै "कांग्रेस र एमालेबीच पनि सहकार्य हुनसक्छ" भन्ने अभिव्यक्ति दिएका छन् । राष्ट्रपति चयनसम्म चोचोमोचो मिलाएका उनीहरु लगत्तै फेरिएका देखिन्छन् ।

हुनत् कांग्रेसले सुरुकै अवस्थामा संविधानको व्यवस्थालाई आफु अनुकुल बनाउँदै एमाले र माओवादी इतरका शक्तिलाई समेट्दै सरकार बनाउने खेल पनि सुरु नगरेको होइन । जुन राष्ट्रपति चयन प्रक्रियापश्चात हुन सक्दैन भन्न सकिन्न । किनकी दलहरुबीच जसले जसलाई जसरी धोका दिँदा पनि हुने रहेछ भन्ने मनोविज्ञान विकास भएको छ । यदि यही मनोविज्ञानअनुसार दलहरु अघि बढे, राजनीतिमा थप अर्को समीकरण देखिनेमा आश्चर्य नमान्दा हुन्छ ।

**– समीर मुढबरी, धादिङ**


## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | : राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । |
| वृष | : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जन बढ्नेछ । |
| मिथुन | : कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । |
| कर्कट | : प्रतिष्ठामा वृद्धि हुनेछ । राम्रो आय प्राप्त हुनेछ । |
| सिंह | : शत्रु कमजोर हुनेछन् । वाणी संयम र धैर्य जरूरी छ । |
| कन्या | : स्वास्थ्य लाभ मिल्नेछ । विधार्थीहरूको कार्यमा प्रगति हुनेछ । |
| तुला | : विनम्रतासित कार्य गर्नु राम्रो हुनेछ । सन्तान सुखमा वृद्धि हुनेछ । |
| वृश्चिक | : धार्मिक कार्यमा खर्च हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| धनु | : पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । आवश्यक वस्तु गुम हुनसक्छ । |
| मकर | : राजनैतिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कुम्भ | : अशान्ति र रूकावटको योग छ । स्वास्थ्य सामान्य रहनेछ । |
| मीन | : नौलो कार्य प्रारम्भ हुनेछ । पारिवारिक उल्झनले तनावमा वृद्धि गर्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# साउदी र इरानबीच कूटनीतिक सम्बन्ध पुनर्स्थापना गर्ने सम्झौता



**काठमाडौं /एजेन्सी–** मध्यपूर्वका दुई प्रतिद्वन्द्वी राष्ट्र इरान र साउदी अरेबियाले मित्रताको हात अगाडि बढाउने संकेत देखाएका छन् । सात वर्षअघि ठूलो विवादपछि दुवै देशले कूटनीतिक सम्बन्ध तोडेका थिए । साउदी र इरानका अधिकारीहरूबीच चीनमा चार दिनसम्म चलेको वार्तापछि दुवैले कूटनीतिक सम्बन्ध पुनर्स्थापनाको अप्रत्याशित घोषणा गरेका छन् ।

विगत सात वर्षमा इरान र साउदी अरेबियाबीच सहमतिका लागि धेरै प्रयासहरू भएका छन् । तर गत शुक्रबारको दुवै देशको भनाइ निकै महत्वपूर्ण छ । दुवै देशले दुई महिनाभित्र आ-आफ्नो दूतावास खोल्ने बताएका छन् । एकै समयमा, तिनीहरूले व्यापार र सुरक्षा सम्बन्ध पुनर्स्थापित गर्नेछन् ।

अमेरिकाले साउदी र इरानको यस कदमको स्वागत गरेको छ । ह्वाइट हाउसको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले भने, 'बाइडेन प्रशासनले यस क्षेत्रमा तनाव कम गर्न कुनै पनि पहललाई समर्थन गर्दछ ।' यद्यपि उनले अगाडि भने, 'तर हेर्न बाँकी छ यस सम्झौता कार्यान्वयन हुन्छ या हुँदैन ।'

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले साउदी र इरानबीच भएको सम्झौतामा मध्यस्थता गरेकोमा चीनलाई धन्यवाद दिएका छन् । उनका प्रवक्ताले भने, 'गुटेरेसले खाडी क्षेत्रमा शान्ति र सुरक्षा सुनिश्चित गर्न सहयोग गर्न तयार रहेको बताउनु भएको छ ।'

इजरायल सरकारले यस सम्झौताको बारेमा अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । यद्यपि इजरायलका पूर्व प्रधानमन्त्री नाफ्ताली बेनेटले यो निर्णयलाई इजरायलका लागि खतरनाक भनेका छन् ।

साउदीमा एक चर्चित शिया धर्मगुरुलाई फाँसी दिएपछि इरानी प्रदर्शनकारीले रियादस्थित साउदी दूतावासमा आक्रमण गरेका थिए । सन् २०१६ मा भएको यो घटनापछि साउदी अरेबियाले इरानसँगको सम्बन्ध तोडेको थियो । त्यसयता साउदी अरेबिया र इरानबीच निकै तनावको स्थिति सिर्जना भएको थियो ।

मध्यपूर्वमा वर्चस्वका लागि प्रतिस्पर्धा गरिरहेका दुवै देशले एकअर्कालाई आफ्नो लागि खतराका रूपमा लिँदै आएका छन् । यस प्रतिस्पर्धामा दुवै देशले लेबनान, सिरिया, इराक र यमनलगायत मध्यपूर्वका धेरै देशमा प्रतिद्वन्द्वी गुटलाई समर्थन गर्दै आएका छन् ।

इरानले यमनमा हुथी विद्रोहीलाई समर्थन गरेको थियो । यसपछि विद्रोहीहरूले सन् २०१४ मा साउदी समर्थक सरकारलाई सत्ताबाट हटाएका थिए । यसपछि साउदी अरेबियाले हुथी विद्रोहीविरुद्ध भीषण हवाई आक्रमण शुरु गरेको थियो ।

साउदी अरेबियाले लगातार इरानको सहयोगमा हुथी विद्रोहीले आक्रमण गरिरहेको आरोप लगाउँदै आएको छ । साउदी अरेबियाले २०१९ मा इरानको सहयोगमा हुथी विद्रोहीले प्रमुख तेल प्रशोधन केन्द्रहरूमा ड्रोन र मिसाइल आक्रमण गरेको बताउँदै आएको छ । यस हमलामा यी तेल प्लान्टहरूमा ठूलो क्षति पुगेको थियो र यसका कारण साउदीको उत्पादन अवरुद्ध भएको थियो ।

# भारतीय प्रधानमन्त्री मोदी र अमेरिकी वाणिज्य मन्त्री जीनाबीच भेटवार्ता



**काठमाडौं /एजेन्सी–** प्रधानमन्त्री नरेन्द्र मोदीले भारत भ्रमणमा रहेकी अमेरिकी वाणिज्य मन्त्री जीना रेमन्डोसँग शुक्रबार भेटवार्ता गरेका छन् । प्रधानमन्त्रीको कार्यालयले ट्वीटमा उल्लेख गरेको छ, 'अमेरिकी वाणिज्य मन्त्री रेमन्डोसँगको प्रधानमन्त्री मोदीको भेटवार्ता फलदायी रह्यो ।'

रेमन्डोले शुक्रबार केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलसँग पनि प्रतिनिधिमण्डलस्तरीय वार्ता गरेकी थिइन् । सो अवसरमा भारत र अमेरिकाबीच विभिन्न विषयमा व्यापारिक वार्ता भएको र थुप्रै समझदारी पत्रमा हस्ताक्षर समेत भएको बताइएको छ ।

संयुक्त विज्ञप्तिमा भनिएको छ, 'भारत र संयुक्त राज्य अमेरिका दुबैले उनीहरूलाई वस्तु र सेवाहरूको गुणस्तर आपूर्तिकर्ता र उपभोक्ताका रूपम मान्यता दिएका छन् ।'

अमेरिकाका थुप्रै कम्पनीहरू भारतमा लगानी गर्न इच्छुक रहेको घोषणा गर्दै रेमन्डोले भनिन्, 'विगत दुई वर्षमा भारतले प्रधानमन्त्री मोदीको नेतृत्वमा गरेका धेरै कार्यहरूले भारतलाई व्यापार गर्न अझ आकर्षक ठाउँ बनाएको छ। थप पारदर्शिता, डिजिटल अर्थतन्त्रमा द्रुत गति, भ्रष्टाचारको विरुद्ध शून्य सहनशीलता, यी सबै कुराहरूले भारतलाई अझ आकर्षक साझेदार बनाउँछ ।'

यसैगरी भारत र अमेरिकाले सेमिकन्डक्टर आपूर्ति शृंखला लगायतका व्यापारिक क्षेत्रलाइ बढावा दिन आपसी समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तीन वर्षको अन्तरालपछि आपूर्ति शृङ्खला लचिलोपन र विविधीकरण र नयाँ उदीयमान क्षेत्रहरूमा जोड दिदै रणनीतिक क्षेत्रहरूमा व्यापाक समझदारी विकास भएका छन् ।

पछिल्लो समय भारत-अमेरिका वाणिज्य वार्ता सन् २०१९ फेब्रुअरीमा भएको थियो । त्यसपछि कोभिड-१९ प्रकोप लगायतका कारणले अगाडि बढ्न सकेको थिएन ।

यसैगरी भारत-अमेरिकी सीईओ फोरमसन् २०२२ नोभेम्बरमा भारतीय वाणिज्य र उद्योग मन्त्री र अमेरिकी वाणिज्यमन्त्रीद्वारा भिडियो-कन्फ्रेन्स मार्फत छलफल गरिएको थियो । सो वार्ताले प्रमुख प्राथमिकताका क्षेत्रहरूमा आपूर्ति शृंखला बढाउने र ऊर्जा सुरक्षा प्रवर्द्धन गर्ने लगायतका थिए । हरितगृह ग्यास उत्सर्जन, समावेशी डिजिटल व्यापारको विकास र विशेष गरी साना व्यवसायहरूको लागि, महामारी पछिको आर्थिक पुनःउत्थानका निम्ति सहजीकरण गर्ने विषय पनि दुवै देशका प्राथमिकतामा परेका छन् ।

दुई देशद्वारा जारी समझदारीपत्रले अमेरिकाको चिप्स र विज्ञान ऐन र भारतको सेमिकन्डक्टर मिसनलाई ध्यानमा राख्दै अर्धचालक आपूर्ति शृंखलाको वृद्धि र विविधीकरणमा दुई सरकारहरू बीच एक सहयोगात्मक संयन्त्र स्थापना गर्न खोजिएको उल्लेख गरेको छ । यसैगरी समझदारीमा दुई देश बीच पारस्परिक रूपमा अनुसन्धान कार्य सञ्चालन गर्दै प्रतिभा र सीपको विकासमा फड्को मार्ने परिकल्पना गरिएको छ ।

# ली छ्याङ चीनको नयाँ प्रधानमन्त्री



**काठमाडौं /एजेन्सी–** चीनको सांघाई पार्टीका सचिव ली छ्याङ नयाँ प्रधानमन्त्री चयन भएका छन् । ग्लोबल टाइम्सले जनाएअनुसार राष्ट्रपति सी चिनफिङले १४औँ राष्ट्रिय जन काङ्ग्रेसको पहिलो अधिवेशनमा ली छ्याङलाई प्रधानमन्त्री पदका लागि मनोनयन गरेका हुन् ।

प्रधानमन्त्री ली छ्याङले सोमबार बिहान १४औँ राष्ट्रिय जन काङ्ग्रेस (एनपीसी)को पहिलो सत्रको समापनपछि ग्रेट हल अफ द पिपुलमा पत्रकारहरूसँग भेटघाट गर्ने प्रेस सेन्टरले जनाएको छ । कार्यक्रमलाई चाइना मिडिया ग्रुपले प्रत्यक्ष प्रसारण गर्नेछ भने सिन्ह्वाले फोटो र टेक्स्टको प्रत्यक्ष प्रसारण उपलब्ध गराउने पनि प्रेस सेन्टरले शनिबार उल्लेख गरेको छ ।

# '९० प्रतिशत जापानीले अपाङ्गताविरुद्ध भेदभाव गरेको महसुस गर्छन्'



**काठमाडौं /एजेन्सी–** जापानका करिब ९० प्रतिशत मानिसहरूले अपाङ्गता भएका व्यक्तिहरूप्रति पूर्वाग्रह र भेदभाव अझै कायमै रहेको विश्वास गर्ने गरेको हालैको एक सरकारी सर्वेक्षणले देखाएको छ ।

सन् २०२१ मा भएको टोकियो पारालिम्पिक्सका बाबजुद करिब ८८.५ प्रतिशत उत्तरदाताले यी व्यक्तिहरूप्रति पूर्ण वा आंशिकरूपमा पूर्वाग्रह 'विद्यमान' रहेको बताएका थिए ।

गत वर्ष गरिएको सर्वेक्षणको यो आँकडा ८३.९ प्रतिशत उत्तरदाताले अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध भेदभाव लाई निषेध गर्ने कानून लागू भएको एक वर्ष पछि सन् २०१७ मा गरिएको अघिल्लो सर्वेक्षणसँग तुलना गर्दै प्रतिक्रिया दिएका थिए ।

सन् २०२१ मा संशोधित गरिएको उक्त कानुनले निजी व्यवसायलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि उचित आवासको व्यवस्था गर्न आवश्यक थियो ।

उक्त कानूनले ढलान गरिएको प्रवेश बिन्दुहरूको साथ ह्वीलचेयर प्रदान गर्ने र श्रवण अशक्तता भएकाहरूका लागि लिखित संचार प्रदान गर्ने जस्ता नीतिहरू लागू गरेको थियो ।

यद्यपि, २४ प्रतिशत उत्तरदाताले मात्र आफूलाई कानुनबारे जानकारी भएको बताएका छन् भने ७४.६ प्रतिशतले नकारात्मक जवाफ दिएका छन् ।

सन् २०२२ को नोभेम्बर र डिसेम्बरमा गरिएको सर्वेक्षणमा पक्षपात र भेदभावको अनुभव गर्नेहरूमा विगत पाँच वर्षको तुलनामा केही सुधार भएको छ कि भनेर सोधिएको प्रश्नमा कुल ५८.९ प्रतिशत उत्तरदाताले 'हो' भन्ने जवाफ दिए भने ४०.४ प्रतिशतले 'होइन' भने ।

यो सर्वेक्षण मेलमार्फत् गरिएको थियो, र यसमा १८ वर्ष वा सोभन्दा बढी उमेरका तीन हजार व्यक्तिहरूलाई प्रश्नावली पठाइएको थियो ।

यसमध्ये एक हजार ७६५ ले वैध प्रतिक्रिया दिएका थिए । सन् २०१७ मा गरिएको सर्वेक्षणमा भने व्यक्तिगत अन्तर्वार्ताको प्रयोग गरिएको थियो ।

# अमेरिकामा घटे स्नातकका विद्यार्थी

**काठमाडौं /एजेन्सी–** संयुक्त राज्य अमेरिकामा लाखौंको संख्यामा उच्च माध्यमिक विद्यालयका छात्रछात्राहरूले स्नातक तहको पढाइलाई छोड्न थालेका र प्रमाणपत्रको आवश्यकता नपर्ने एक घण्टाको जागिर वा क्यारियरतर्फ मोडिरहेको एनबीसी न्युजले बिहीबार रिपोर्ट सार्वजनिक गरेको छ । 'नेसनल स्टुडेन्ट क्लियरिङ हाउस'को तथ्यांकअनुसार सन् २०१९ देखि २०२२ सम्ममा देशभर स्नातक तहको भर्ना दर आठ प्रतिशतले घटेको छ । अमेरिकी श्रम साङ्खिकी ब्युरोका अनुसार सन् २०१८ यता कलेज जाने दरमा आएको गिरावट अहिलेसम्मकै सबैभन्दा ठूलो हो ।


## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

कम्पनी : FINE FARE FOOD MARKET LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ — चलानी नं.: ६०१८३२७३ — LT. No.: 267374 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 9 | 38 | स. काममा दक्ष | 2000 | ७१,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : SPINNEYS DUBAI LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ — चलानी नं.: ६०१८३२७२ — LT. No.: 267373 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 32 | 57 | स. काममा दक्ष | 2000 | ७१,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत १०, ११, १२,१३ र १४ गते (24, 25, 26, 27 & 28 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न,लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
Cook, Butchery, Bakery सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९८१०२७९५१२,९८६६२९८७३४



## चामुण्डाबिन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

### क्याटलगर ब्रोसर सपिङ्गविधिबाट सवारी साधन पिकअप खरिदसम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/११/२८

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कार्यपालिकाको निणर्यअनुसार सवारी साधन पिकअप सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहायबमोजिम सवारी साधन उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर) गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात संलग्न राखी तपशिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनहुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ। यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सहीछाप गरी सिलबन्दीका साथ पेस गर्नुपर्ने छ ।

२) उक्त कागजात लिनका लागि इच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नवकिरण भएको पत्र, स्थायी लेखा नं. (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्रसहितका कागजातसहित यस कार्यलयमा उपस्थित हुनुपर्ने छ । साथै नेपालको आधिकारिक बिक्रेताको हकमा उत्पादक कम्पनीको Authorization पत्र (Manufacturer Letter ) अनिवार्य पेश गर्नु पर्नेछ ।

३) यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयसम्म छुट्टाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ । दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु भोलिपल्ट दिउँसो १२:०० बजे खोलिने छ ।

४) साथै सूचीकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेताहरुले सूचीकृत गराई उक्त सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ ।


५) पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेस गर्न सकिने छ । प्रस्तावसम्बन्धी थप केही बुझ्नु परेमा ९८५८०३८१७८, ९८५८०५१०३३ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सि.नं. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | डबल क्याप पिकअप | Standard Double cab pickup, Right Hand Drive model with four wheel drive, 4- stroke, water c ooled Diesel Engine, developing maximum rated power output not less than 140 HP and Maximum torque should not be less than 320 N-m . Equipped with following major accessories : Antilock Braking system and air bag safety system, Power windows, Heating, Ventilation & AC | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेशिफिकेशन बमोजिम हुने छ । |

प्रमुख प्रशासकीय अधिकृत

# बक्स अफिस समाचार

## ‘नेपालको कला क्षेत्र अभावको क्षेत्र बन्न पुग्यो’




नाटक, टेलिसिरियल हुँदै ठूलो पर्दाको चलचित्रमा छुट्टै पहिचान बनाउन सफल हास्य कलाकार, निर्देशक सुवासप्रसाद गजुरेल आजको दिनमा पनि यसै क्षेत्रमा सक्रिय छन् । नाटक र सिरियलको कुरा छाडौं ९० भन्दा बढी चलचित्रमा विभिन्न पात्रको भूमिकामा देखिएका गजुरेलले निर्देशन गरेको चलचित्र “बसाई” ओस्कारमा समेत नोमिनेशनमा पर्न सफल भएको थियो । उनीद्वारा निर्देशित “मजदुर” र “को होला मेरो मायालु” पनि औसत व्यापार गरेको चलचित्र मानिन्छ । उनले चलचित्र सेन्सर बोर्डको सदस्यमा रहेर पनि कार्यसम्पादन गरिसकेका छन् । कला क्षेत्रमा योगदान पुर्‍याएबापत विभिन्न अवार्ड, पुरस्कार र सम्मान प्राप्त गरिसकेका शालीन व्यक्तित्व वरिष्ठ चलचित्रकर्मी **सुवास गजुरेल**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**रंगमञ्च हुँदै आजको अवस्थासम्म आइपुग्दा विगतलाई कसरी सम्झनु हुन्छ ?**

२०३५ सालदेखि काठमाडौंको रंगमञ्चबाट शुरुवात भएको मेरो अभिनय यात्रा २०४२ बाट नेपाल टेलिभिजनमा ‘बाचा बिर्सेको छैन’ टेलिफिल्म हुँदै चलचित्रमा अभिनयका साथै निर्देशन क्षेत्रमा पाइला राख्दै हालसम्म यही चलचित्र क्षेत्रमा निरन्तर लागिरहेको छु । यो अन्तरालमा जीवनको उकाली, ओराली पार गर्दै आजसम्म विभिन्न अनुभव र भोगाईको अनुभव प्राप्त गरियो । आज विगतलाई सम्झँदा ति दिन कसरी पार गरेर यहाँसम्म आइएछ भन्ने लाग्छ ।

**कला क्षेत्रमा लागेकोमा अहिले आएर पश्चाताप छैन ?**

मेरो अभिभावकले मलाई काठमाडौं जस्तो ठाउँमा उच्च शिक्षाका लागि अध्ययन गर्न पठाउनु भएको थियो । स्कुल अध्ययन गर्ने समयमा पनि गाउँमा नाटक, प्रहशनहरु गर्थे । मेरो अभिनयलाई धेरैले प्रशंसा गर्नुहुन्थ्यो । त्यही हौसलाले मलाई कला क्षेत्रमा लागिपर्न हुटहुटी लगायो । आज त्यसैको निरन्तरता



कायमै छ । र, यो क्षेत्रमा मेरो आफ्नो शौखले लागिपरेको हुँ । हो, मैसँग अध्ययन गरेका साथीहरु न्यायाधीश भए, कोही सचिव, कोही जिएम भए आज उनीहरु सम्पन्न छन् । आफ्नै दाजुभाइको अनुपातमा म आर्थिकरुपले कमजोर छु । आज ४५ वर्षको कला यात्रामा मेरो डेराको वास छ । हो, कहिले काहीँ अत्यास लाग्छ । मैले मेरो परिवारलाई सुख दिन सकिनँ, सधैं समस्याको जीवन व्यतित गर्नुपर्‍यो । तर पनि दर्शकहरुको माया, सम्मान र हौसलाले आजसम्म उर्जाशील भएर चलचित्र क्षेत्रमा काम गरिरहेको छु । मेरो सहकर्मी साथीहरु आज रिटायर भइसके, तर म रिटायर भएको छैन, बरु अरु बढी कामहरु गर्ने मौका पाइरहेको छु, यसमा गर्व गर्छु ।

**अहिलेसम्म यसै क्षेत्रमा हुनुहुन्छ, के परिवर्तन पाउनु भयो ?**

कला क्षेत्रको यात्रामा धेरै कुराहरु देखियो र भोगियो । आज विगतमा भन्दा चलचित्र क्षेत्रले काँचुली फेरेको छ । हिजो मनोरञ्जन र सञ्चार क्षेत्र सीमितरुपमा थियो भने आज व्यापक परिवर्तन भएको छ । सबै कुरा हातमा रहेको मोबाइले घरमै बसीबसी सबै कुरा पाउन सकिन्छ । तर यसको सहीरुपमा प्रयोग भने हुन सकेको छैन ।

**तपाईंको निर्देशनमा बनेको चलचित्र “बसाई” ओस्कारमा पुग्न सफल भएको थियो, त्यतिबेला कस्तो महसुस गर्नुभयो ?**

मैले माया बैगुनी, मजदुर, बसाई, को होला मेरो मायालु र विभिन्न लघु चलचित्र निर्देशन गर्ने मौका पाएँ । र, ती केही सफल भए, केही असफल । तर पनि बसाईले नेपालको चलचित्रहरुमध्ये ओस्कार अवार्डमा नेपालको तर्फबाट छनोट भएर प्रतिनिधित्व गर्ने मौका पाउनु मेरा लागि सुखद अनुभूति थियो । सायद सबै चलचित्रकर्मी र निर्देशकहरुको अन्तिम लक्ष्य नै त्यही हो । यसरी ओस्कारमा देशको प्रतिनिधित्व गर्ने चलचित्रको निर्देशक बन्ने अवसर पाएँ । यसले मेरो उचाइ बढाउन समेत मद्दत गर्‍यो ।

कलाकारिताको क्षेत्रमा आफ्नो जवानी बिताउनु हुनेहरुको लागि वृद्धावस्थामा जीवनयापन गर्न राज्यबाट के कस्तो सुविधाको व्यवस्था होस् भन्ने चाहनु हुन्छ ?


आफ्नो जवानीमा कला क्षेत्रमा प्रवेश गरेर सुनौलो दिन व्यतित गर्दै वृद्धावस्थामा पुग्ने धेरै कलाकारहरुको अवस्था नाजुक छ । केही अपवाद बाहेक धेरै कलाकार र प्राविधिकहरुको बिचल्ली भएको देखिन्छ । यो अवस्था हुनुको कारण राज्यको निकायले महत्व नदिनु र यस क्षेत्रका संघ संगठनहरुले कलाकर्मीहरुको व्यवस्थापन गर्न नसक्नुका कारण हो । र, अर्को कुरा हाम्रो क्षेत्र व्यावसायिक हुन सकेन, त्यही भएर नेपालको कला क्षेत्र अभावको क्षेत्र बन्न पुगेको हो । सरकारले पनि कला, साहित्य र संस्कृति देशको पहिचान हो त्यसमा लागिपर्नेहरुलाई माया, सद्भाव र संरक्षण गर्नुपर्छ भन्ने कहिल्यै बुझ्नेन । अब बुझ्नु जरुरी छ । उनीहरुको व्यवस्थापन गर्न जरुरी छ ।

**कति जति चलचित्र, सिरियल, नाटकमा काम गर्नुभयो, आफूलाई मन परेको नाम लिनुपर्दा ?**

मैले करिब ९० वटा जति चलचित्र र दुई सय जति टेलिफिल्ममा काम गरिसकेको छु भने ३५ वटा नाटकमा अभिनयसँगै १५ वटाको निर्देशनसमेत गरेको छु । र, करिब १६ वटा सर्ट फिल्मको निर्देशन गरेको छु । अन्य व्यापारिक विज्ञापनहरुमा अभिनय र निर्देशन गरेको छु । एउटा सर्जकलाई आफूले गरेको सिर्जना सबै उत्तिकै मन पर्छ । दर्शकले मन पराएका आधारमा भन्नुपर्दा मोहनी, सरस्वती, ज्वाला, छोरो लगायत चलचित्र रहेका छन् भने निर्देशनमा मजदुर, बसाई, माया बैगुनी रहेका छन् ।

**चलचित्र सेन्सर बोर्डमा पनि रहनु भयो, चलचित्र क्षेत्रको हित हुने त्यस्तो के काम गर्नुभयो ?**

मैले नेपाल सरकारको चलचित्र सेन्सर बोर्डमा बोर्ड सदस्यको रुपमा काम गर्ने मौका पाएँ । हाम्रो काम भनेको राज्य, समाज, धर्म र जातीय विभेद रहेका दृश्य सेन्सर गर्ने तथा हाम्रो सामाजिक परिवेशलाई अपाच्य हुने दृश्य र शब्दहरुको सेन्सर गर्ने थियो । सोहीअनुसार गरियो ।



**यो क्षेत्रमा आश्रित हजारौं कलाकार, प्राविधिक अन्यत्र जान बाध्य हुनुको कारण ?**

हाम्रो चलचित्र क्षेत्रमा आश्रित कलाकार, प्राविधिकहरु अन्य क्षेत्रमा पलायन हुनुको मुख्य कारण नै राज्यले चलचित्र क्षेत्रलाई महत्व नदिनु हो । यस्तै चलचित्र क्षेत्रमा व्यावसायिक भन्दा पनि शौख र रमाइलोका लागि प्रवेश गर्नेहरुले नै दक्ष प्राविधिक र कलाकारहरु पलायन हुन बाध्य हुनु परेको छ । यो क्षेत्रबाट आफ्नो आवश्यकता र आफ्ना परिवारको भविष्य सुनिश्चित नहुने देखेर नै यो हुन पुगेको हो । र, अर्को कुरा नयाँ र पुराना चलचित्रकर्मीबीच अपनत्व ग्रहण गर्न नसक्नु पनि हो ।

**हँसाउन कतिको सजिलो हुन्छ ?**

पहिले हँसाउन सजिलो थियो तर अहिले गाह्रो छ । अब सामाजिक सञ्जाल टिकटक, फेसबुक जस्ता माध्यममा दर्शकहरुले धेरै हेर्न पाइरहेका छन् । त्यसैले हँसाउने मसला नै पाउन कठिन छ कलाकारलाई ।

**चलचित्रकर्मीको हितमा काम गर्न खुलेका संघसंस्थाको कार्यप्रति सन्तुष्ट हुनुहुन्छ ?**

चलचित्र क्षेत्रमा कार्यरत प्राविधिक, निर्देशक र अन्य विधामा संलग्न चलचित्रकर्मीहरुको संघ, संगठन रहेका छन् । तर ती देखावटीमात्र बन्न पुगेका छन् । जुनरुपमा चलचित्र क्षेत्रमा संलग्न चलचित्रकर्मीहरुको हक हितमा काम हुनुपर्ने हो त्यो हुन सकेको छैन । चलचित्रकर्मीकै लागि खुलेका संस्थाहरु एकआपसमा समन्वय र सहकार्य गरेर अगाडि बढेको भए राज्यलाई पनि दबाब दिन सकिन्थ्यो । यहाँ राम्रो काम गर्ने भन्दा पनि नेतृत्व पदमा बसेर नाम मात्र स्थापित गर्न खोजिएको छ । अब त्यो हुनुहुँदैन ।

**पछिल्लो समय निर्देशनमा सक्रिय हुनुहुन्न नि किन ?**

म कला क्षेत्रमै निरन्तर लागिरहेको चलचित्रकर्मी हुँ । सायद मेरो कला क्षेत्रप्रतिको लगाव, इमान्दारिता र कर्मप्रतिको लगनशीलताले नै आज क्रियाशील हुने मौका पाएको जस्तो लाग्छ । हाल म टेलिसिरियल भुन्टी, उल्टो सुल्टोमा व्यस्त छु । हालै प्रदर्शित चलचित्र ह्यारी की प्यारी, छक्का पञ्जा ४, र वैशाख १ गते प्रदर्शनमा आउने बिहे पासमा पनि अभिनय गरेको छु भने केही चलचित्रको छायांकनको तयारीमा छु । मेरो अभिनय र निर्देशन दुबै बराबर चलिरहेको छ ।

**विगतको तुलनामा कम चलचित्र निर्माण हुनुमा लगानीकर्ता यो व्यवसायप्रति असन्तुष्ट भएर हो ?**

अहिले निर्माणको कार्य सुस्त छ । यो हुनुका कारण विभिन्न छन् । दर्शक चाहना अनुरुप चलचित्रहरु नबन्नु, मनोरञ्जनका लागि हलहलमा पुग्नु नपर्ने र युट्युबलगायतका सामाजिक सञ्जालको प्रयोगले दर्शक चाहना पूरा हुनु, जनताको जीवनस्तर घट्दै जानु, राज्यको नीति नियम र सिनेमा भवनमा चलचित्र प्रदर्शन व्यवस्थित नहुनु, नेपाली चलचित्रले भारतीय चलचित्रसँग सामना गर्नुपर्ने अवस्था अनि नेपाली चलचित्रको बजारबाट आम्दानी गर्ने भन्दा धेरै गुणा कलाकारहरुले पारिश्रमिक र निर्माण खर्च बढ्न जाँदा समस्या परेको हो । यस्ता अनगिन्ति समस्याहरुले गर्दा चलचित्र क्षेत्रलाई व्यावसायिक पेशाका रुपमा अंगाल्दै आएका ती निर्माताहरु पलायन भएका छन् । जबसम्म यस्ता समस्याको समाधान हुँदैन तबसम्म यो क्षेत्र र यस क्षेत्रमा लाग्ने कलाकर्मीको अवस्था दयनीय नै हुने छ ।

## केबी राईको ‘देउरालीमा’ सार्वजनिक




**काठमाडौं / मस–** गायक केबी राईको स्वरमा रहेको ‘देउरालीमा’ बोलको गीत सार्वजनिक भएको छ । गायक राईले नै संगीत भरेको गीतमा सुमिक्षा थापाको शब्द रहेको छ । मनोज थापा मगरको एरेन्ज गीतलाई मनिस थापाले रेकर्ड गरेका हुन् ।

प्रेममा धोका पाएको युवकको भावनालाई गीतमा समेटिएको छ । मदन राईको छायाँकन तथा सम्पादन रहेको गीतको भिडियोलाई कुलराज राईले निर्देशन गरेका छन् । भिडियोमा कला राई, केबी राई र चन्द्र नेपाल विकल्पको लगायतको अभिनय रहेको छ ।

## मोडल आर्जु ‘मिस ब्युटीफुल’को प्रतिस्पर्धामा




**काठमाडौं / मस–** मोडल आर्जु खड्का ‘मिस ब्युटीफुल नेपाल २०२३’ को अन्तिम ११ को प्रतिस्पर्धामा छिन् । छोटो समयमा निकै चर्चामा रहेकी मोडेल आर्जुले थुप्रै बिउटी पेजेन्टहरुमा भाग लिएर सफलता हात पारिसकेकी छिन् ।

यस्तै उनले विभिन्न गीतहरुमा समेत मोडेलिङ गर्दै आएकी छिन् । दक्ष इन्टरनेशनलले आयोजना गरेको ‘मिस ब्युटीफुल नेपाल २०२३’ काठमाडौंको होटल रानी महलमा सञ्चालन भइरहेको छ ।

मिस ब्युटीफुल नेपाल २०२३ को ताज पहिरिन संघर्ष गरिरहेकी खड्काले अन्य १० जनासँग भिड्नुपर्नेछ । त्यसका लागि अहिले भोटिङ खुला भइसकेको छ ।

मोडल आर्जुले आफूलाई ग्लोबल अनलाइन पे लग इन गरी आफूलाई भोट गर्न आग्रह गरेकी छन् । प्रतियोगिताको फिनाले चैत ४ गते जमलस्थित राष्ट्रिय नाचघरमा हुनेछ ।

**UAE मा रोजगार | कम्पनीः DISCOVERY EMPLOYMENT**

पूर्व स्वीकृत मितिः २०२३/०३/१० चलानी नं.: ६०१९७८७९ L.T. No.: 282250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 60 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 20 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |
| 3. | Steel Fixer | 10 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |
| 4. | Brick Mason | 10 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ५ गते (19 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५०० /- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT. LTD.
INTERNATIONAL Govt. Lic. No. 788/065/066
Samakhusi, Tokha-9, Gongabu, KTM
Tel : 01-4390134, 9851040203 I Email: gulfmanagement65@gmail.com

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९/११/२८)

यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका पदहरुमा देहायको संख्यामा कर्मचारीहरु आवश्यक परेको हुँदा तोकिएका पदहरुमा सेवा करार मार्फत कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | सूचना प्रविधि अधिकृत | स्थानीय तहको छैठौं तह सरह | १ | |
| २ | ०२/०७९/०८० | पशु चिकित्सक | स्थानीय तहको छैठौं तह सरह | १ | |
| ३ | ०३/०७९/०८० | कृषि अधिकृत | स्थानीय तहको छैठौं तह सरह | १ | |
| ४ | ०४/०७९/०८० | कम्प्यूटर अपरेटर | स्थानीय तहको पाँचौ तह सरह | १ | |
| ५ | ०५/०७९/०८० | सव इन्जिनियर (ल्याव टेक्निसियन) | स्थानीय तहको पाँचौ तह सरह | १ | |
| ६ | ०६/०७९/०८० | नायव पशु सेवा प्राविधिक | स्थानीय तहको चौथो तह सरह | १ | |
| ७ | ०७/०७९/०८० | हलुका सवारी चालक | श्रेणी विहिन | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः–**
   - क. **सूचना प्रविधी अधिकृतको लागि** : मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक तह (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSCIT, BSCCSIT) उतीर्ण गरेको ।
   - ख. **पशु चिकित्सकका लागि** : पशुपन्छी विज्ञानतर्फ मान्यताप्राप्त शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.VSc & A.H/B.V.Sc. वा सो सरहको स्नातक तह उतीर्ण गरि नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको ।
   - ग. **कृषि अधिकृतका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उतीर्ण गरेको ।
   - घ. **कम्प्यूटर अपरेटरका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।
   - ङ. **सव इन्जिनियर (ल्याब टेक्निसियन) का लागि)** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा तह उतीर्ण गरि कम्तिमा एक वर्ष इन्जिनियरिङ्ग ल्याबमा कार्य अनुभव भएको साथै ढुंगा, गिट्टी, बालुवा ब्यूटिसियन, कंक्रिट, डण्डी लगायतका निर्माण सामाग्रीहरुको परिक्षण गरि प्रतिवेदन तयार गर्न सक्ने क्षमता भएको ।
   - च. **नायव पशु सेवा प्राविधिकका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण
   - छ. **हलुका सवारी चालकका लागि** : सामान्य लेखपढ गर्न जानेको र हलुका सवारी चालक अनुमति पत्र लिएको ।

२. **उमेर हदः** सहायकस्तरको पदको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र अधिकृतस्तरको पदका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
३. **दरखास्त दिने स्थानः–** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली
४. **दरखास्त दिने अन्तिम मितिः–** २०७९/१२/१२ गतेसम्म
५. **दरखास्त दस्तुरः** अधिकृतस्तरको पदका लागि रु. १२००/-, सहायक पाँचौ तहको पदका लागि रु. ७००/- , सहायक चौथो तहका लागि रु. ४००/- , श्रेणी विहिन पदका लागि रु. ३००/-
६. **छनौटको किसिमः–** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा (प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरुको लागि मात्र), अन्तरवार्ता र आवश्यकता बमोजि प्रयोगात्मक परिक्षा समेत । (सवारी चालकको लागी प्रयोगात्मक परिक्षा र अन्तरवार्ता मात्र हुनेछ)
७. **आवेदन साथ संलग्न कागजातहरुः–** आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-
   - क. नागरिकताको प्रमाण पत्र
   - ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र
   - ग. चारित्रिक प्रमाण पत्र
   - घ. अनुभव भए सो खुल्ने आवश्यक कागजात
   - ङ. २ प्रति पासपोर्ट साईजको फोटो
   - च. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र
८. **सेवा सुविधाः–** प्रचलित कानून र नगर कार्यपालिकाको निर्णय बमोजिम
९. **सम्पादन गर्नुपर्ने कार्यविवरणः–** प्रचलित कानूनले तोके बमोजिम
१०. **आवेदन पाईने स्थानः–** लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का, कैलाली ।

प्रमुख प्रशासकीय अधिकृत

# सातदोबाटोको लगातार तेस्रो जित, संकटाको पहिलो जित

**काठमाडौं/मस–** राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिगमा सातदोबाटो युथ क्लबले लगातार तेस्रो जित निकाल्दा संकटा क्लबले पहिलो जित निकालेको छ। यस्तै जावलाखेल युथ क्लब र एपीएफले बराबरी खेल्दै अंक बाँडेका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार फ्रेन्ड्स क्लबलाई १-० गोल अन्तरले हराउँदै सातदोबाटोले लगातार तेस्रो जित निकालेको हो। प्रतिस्पर्धात्मक खेलमा सातदोबाटोलाई जित दिलाउन दीपक राज ठकुरीले निर्णायक गोल गरे।



यस्तै ललितपुरस्थित च्यासल मैदानमा सम्पन्न अर्को खेलमा पुलिस संकटा क्लबसँग ३-० गोल अन्तरले पराजित भएको छ। संकटाले पुलिसमाथि सहज जित निकाल्ने क्रममा शुरुवातबाट नै दबाब दिएर खेलेको थियो। अघिल्ला दुई खेलमा पनि नतिजा सुम्पिएको पुलिसले अंक लिनका लागि खेल्ने रणनीति बनाए पनि असफल भएको हो। पुलिसविरुद्ध जित निकाल्ने क्रममा संकटाका लागि १२ औं मिनेटमा गणेश हमालले गोल गर्दै संकटालाई अग्रता दिलाएका थिए। काउन्टर गर्ने क्रममा दायाँ कर्नरबाट सुनिल श्रेष्ठले मिलाएको पासलाई गणेशले बक्स भित्रबाट चिप गोल गरेका हुन्। संकटाले पहिलो प्रयासमै गोल गर्न सफल भएको थियो। त्यसपछि खेल दोस्रो हाफतिर पुगेको थियो।

खेलको ८० औं मिनेटमा रोशन पहारीले गोल गर्दै संकटाको अग्रता दोब्बर बनाएका थिए। मनिष डांगीको प्रहार पुलिस रक्षक अञ्जन राईले फर्काउँदा प्राप्त रिबाउन्ड बललाई रोशनले २५ यार्डबाट गोलमा परिणत गर्न सफल भएका थिए। त्यसको ६ मिनेट पछि संकटाले तेस्रो गोल थप्यो। सुरज जिउ ठकुरीले गोल गर्दै संकटालाई ३-० को सहज जित दिलाए। मनिष डांगीले मिलाएको पासलाई सुरजले बक्सबाहिरबाट पहिलो प्रयासमा नै गोल गर्न सफल भएका थिए।

यस जितसँगै संकटाले तीन खेलमा चार अंक जोड्दा तीन वटै खेलमा पराजय व्यहोरको पुलिस अंकविहीन छ।

लिग अन्तर्गत शनिबारै सम्पन्न अर्को खेलमा अर्को विभागीय टोली एपीएफ जावलाखेल युथ क्लबसँग गोलरहित बराबरीमा रोकियो। दुबै टोलीले खेल अवधि भर गोलका लागि निकै प्रयास गरे पनि सफल हुन सकेन। १० खेलाडीमा समेटिएको एपीएफबिरुद्ध मौकाको फाइदा उठाउन नसक्दा जावलाखेल युथ क्लबले एक अंकमा चित्त बुझाएको हो।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा खेलको ६९ औं मिनेटमा जावलाखेलका स्ट्राइकर हिसुब थपलियालाई लडाएपछि रेफ्री प्रज्वल क्षेत्रीले एडामा डोम्बियालाई दोहोरो पहेँलो कार्ड देखाउँदै मैदान पठाएका थिए। तर उक्त निर्णयमा चर्को आपत्ति देखाएपछि रेफ्री क्षेत्रीले डोम्बियालाई सोझै रातो कार्ड देखाएका हुन्।

यसअघि दुवै टोलीले पाएका केही अवसरलाई भने सदुपयोग गर्न चुकेका थिए। ३२ औं मिनेटमा एपीएफका हरि कार्कीले गोलको सुनौलोको अवसर गुमाए। ३९ औं मिनेटमा प्रदीप लामाको प्रभावशाली प्रहार जावलाखेल गोलकिपर अनिश देउलाले बचाएका थिए।

यस बराबरीपछि जावलाखेलको तीन खेलमा सात अंक भएको छ। एपीएफको समान खेलबाट चार अंक भएको छ।

# प्रशान्त र प्रगतिलाई स्वर्ण

**काठमाडौं/मस–** मुलपानी तेक्वान्दो डोजाङका प्रशान्त धमला र प्रगति कुइकेलले प्रथम गोकर्णेश्वर नगरपालिका खुला आमन्त्रित मेयर कप तेक्वान्दो प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन्।

गोकर्णेश्वर नगर तेक्वान्दो विकास समितिको संयोजन, इस्टपोट उच्च माविको व्यवस्थापन र गोकर्णेश्वर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा भइरहेको प्रतियोगिताको पुरुष २८ केजीमुनि फाइनलमा प्रशान्तले नव मन्जुश्रीका रेवत प्रधानलाई पराजित गरे। महिला ३८ केजीमुनि फाइनलमा प्रगतिले बोधी सदनकी सन्ध्या तामाङलाई हराइन्। जोरपाटीस्थित इस्टपोलमा भइरहेको प्रतियोगिताको पुरुष २५ केजीमा नव मन्जुश्रीका सन्जिव जिरेल तथा ३६ केजीमुनि कोटेश्वरका इमोन राणा पहिलो भए। महिला ३० केजीमुनि नव मन्जुश्रीकी सिस्तोला कुइकेल, ३४ केजीमुनि कोटेश्वरकी सुरक्षा केसी, ४२ केजीमुनि फेरिल्यान्डकी अपेक्षा ढुंगाना, ४६ केजीमुनि गोकर्णेश्वरकी सुमिना तामाङ र ४९ केजीमुनि नव मन्जुश्रीकी सुष्मा राईले पहिलो स्थान हात पारे।

**काठमाण्डौ आवासिय भवनको संक्षिप्त वातावरणीय अध्ययन (BES) को प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९-११-२८**

बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ३, महाराजगंजमा **श्री अनुज अग्रवाल**द्वारा प्रस्ताव गरिएको काठमाण्डौ आवासिय भवनको संक्षिप्त वातावरणीय अध्ययन (BES) कार्य भइरहेको छ। वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ नियम ६ को उप-नियम (१) अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनीक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित मिति, समय र स्थानमा हुने भएकोले स्थानीय बासिन्दा सरोकारवालाहरु व्यक्ति, समुदाय वा निकाय, सम्बन्धित सबै संघसंस्थाका प्रतिनिधिहरु सरोकारवाला व्यक्ति संघ सस्थाहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ।

**प्रस्तावकः अनुज अग्रवाल.**
काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ३
**प्रस्ताव** : काठमाण्डौ आवासिय भवनको, निर्माण तथा संचालन
**प्रस्तावको प्रभाव पर्न सक्ने स्थान** : काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ३,

**सार्वजनीक सुनुवाई हुने स्थान र समय**

**सार्वजनीक सुनुवाई हुने मिति** : २०७९/१२/३ गते शुक्रबार
**स्थान** : आयोजना क्षेत्र, महाराजगंज
**समय** : विहान ९ बजे

**साउदीमा रोजगार** | १. कम्पनी: MOHAMMED AHMED ALAGIL CONTRACTING EST
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०९/२८ चलानी नं.:६०१९७८४४ LT. No.: 279291 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**यूएईमा रोजगार** | कम्पनी: PROFESSIONAL FIX FACILITIES MANAGEMENT LLC
शहर: UAE

पुर्व स्वीकृत मितिः २०७९/०८/१४ चलानी नं.:६०१९२४०६ LT. No.: 276915 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 143 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Supervisor | 0 | 34 | | 2500 | ८९,०७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ५ गते (19 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262
Fax: 4486263, Mob.: 9851010834, 9741826447
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

**मलेशियामा रोजगार** कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD
शहर: MALAYSIA, Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७६/१२/३० चलानी नं.: ६०१७७९१४ LT. No.: 261673 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Planatation Worker | 300 | 0 | स. काममा दक्ष | 1200 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ५ गते (19 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं.: ६७८/०६३/०६४
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com
Mobile: 9851128516 | 9819779867 | 9851171724

**मलेसियामा रोजगार** कम्पनी : USAYARN AHELASTIC SDN BHD
शहर : Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०७९/११/२६ चलानी नं.: ६०१९७८४६ L.T. No.: 282230

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ५ गते (19 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
कपिलवस्तु

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

(सूचना प्रकाशित मितिः- २०७९/११/२८)

यस कार्यालयबाट मिति २०७९/११/०३ मा e-bidding मार्फत प्रकाशित सुचना अनुसार म्याद भित्र bolpatra.gov.np/egp मार्फत पेश हुन आएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमका दरभाउपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको दरभाउ तथा बोलपत्रदाता | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| 1 | Bhandarichowk dekhi Byas muni sadak Banganga 4 | RIDOKAP/10134/ SQ/079-80/74 | Barsha Nirman Sewa, Banganga-2 Kapilvastu | 8,15,591.01 |
| 2 | Bangangana Pa 11 padampur Gaun bata Ramjanaki Mandir samma kalopatre, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/75 | B.Y Nirman Sewa, Omsatya -2 Rupandehi | 9,15,264.72 |
| 3 | Jesis chow kdekhi 1 no Dada jane sadak isterunnati Banganaga 1, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/76 | New Banganga Nirman Sewa, Banganga-2 Kapilvastu | 9,23,008.36 |
| 4 | Nibuwa Niguriya chowk Dinesh Karki ko ghar samma ko sadak kalopatre Banganga 2, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/77 | Barsha Nirman Sewa, Banganga-2 Kapilvastu | 9,27,314.59 |
| 5 | Nagarpalika dekhi Shiva mandir jane Mo Ba Bistar banganga 4 Darkasta, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/78 | S. R. Deurali Construction & Suppliers Shivraj-1, Kapilvastu | 8,54,785.99 |
| 6 | Dhaireni Danda koili Bangai Sadak ma Parne nalama Culvert Nirman,Banganga-7, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/79 | Deurali Engineering Company Pvt. Ltd, Kathmandu | 9,42,911.05 |
| 7 | Bangai (Kapilvastu Hotel ko pachim) bata haat bajar tarfa jane sadak isterunnati Banganga 11, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/80 | Taba shree nirman sewa, banganga 7 Kapilvastu | 9,32,622.08 |
| 8 | Kothi dekhi Galaha sadak isterunnati banganga 10, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/82 | Trusty Nirman Sewa, Bhairahawa, Rupandehi | 9,18,057.83 |
| 9 | Banganga Na Pa 9 Durga Chalise ko ghar dekhi Bharlawas Sadak, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/83 | Barsha Nirman Sewa, Banganga-2 Kapilvastu | 10,05,648.90 |
| 10 | Odari khanepani Karyelaye jane sadak isterunnati tatha karyalaya parisar Vhitra mato patan Banganga 11, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/86 | Barsha Nirman Sewa, Banganga-2 Kapilvastu | 6,51,491.23 |
| 11 | Banganga bahumukhi campus ko pachim gate ko bato ko RCC dhalan banganga 8, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/87 | Deurali Engineering Company Pvt. Ltd, Kathmandu | 6,86,729.00 |
| 12 | Budhabhumi Na pa 10 Chetradei sadak ,Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/88 | Irfan Construction Pvt. Ltd. Kapilvastu -03 | 8,69,054.25 |
| 13 | Sadak division uttar sadak nail nirman Budhabhumi 2, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/90 | Yalina Nirman Sewa and Suppliers Pvt.Ltd. | 9,56,632.44 |
| 14 | Murma Pratappur Gelwar Purano Rajmargh isterunnati Buddhabhumi 4, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/92 | Gyaneshwory Nirman Sewa, Sainamaina-9 Rupandehi | 8,26,340.5 |
| 15 | Chandrauta –Krishnanagar Link road Gadgauda dekhi Kudarkhetwa, Majigawa, Birpur Motinagar pitch raod samma | RIDOKAP/10134/ SQ/079-80/98 | Atal Construction Pvt. Ltd., Maharajgunj-06 Kapilvastu | 7,46,988.96 |
| 16 | Thulo sadawa gaunko purwa pacchim mukhya sadak ma nail nirman kapilvastu 3 | RIDOKAP/10134/ SQ/079-80/99 | Aakriti Construction, Kapilvastu -02 | 8,49,628.67 |
| 17 | Jamohara gaun mapurwa main bato dekhi pachim Jogi Koharko ghar samma sadak pcc kapilvastu 3 | RIDOKAP/10134/ SQ/079-80/100 | Irfan Construction Pvt. Ltd. Kapilvastu -03 | 8,68,183.27 |
| 18 | Jamohari pitch bato dekhi pachim Bishombharpur Dihasamma sadak isterunnati Kapilvastu 3 | RIDOKAP/10134/ SQ/079-80/101 | Sujal Construction, Kapilvastu -04 | 8,39,988.07 |
| 19 | Jahadi chauraha dekhi gaun hudai Araurakot samma sadak isterunnati Ka Na Pa 11 | RIDOKAP/10134/ SQ/079-80/102 | S. R. Deurali Construction & Suppliers Shivraj-1, Kapilvastu | 8,51,997.3 |
| 20 | Kapilvastu Nagarpalika 11 Adaura gaun dekhi Parasiya Pakadi sadak istarunnati | RIDOKAP/10134/ SQ/079-80/103 | Irfan Construction Pvt. Ltd. Kapilvastu -03 | 8,49,871.62 |
| 21 | Kapilvastu Na pa 11 kapilvastu jahadi Mustakim Dhobiko ghar dekhi main sadak samma mato patan tatha gravel | RIDOKAP/10134/ SQ/079-80/104 | Irfan Construction Pvt. Ltd. Kapilvastu -03 | 4,38,917.74 |
| 22 | Kapilvastu Na pa 11 kapilvastu Jahadi pachu Kumiko ghar dekhi Kalidin Kumiko ghar samma bato gravel | RIDOKAP/10134/ SQ/079-80/105 | Sailesh Nirman Sewa, Mayadevi -5 Rupandehi | 6,78,263.19 |
| 23 | Ka.Na pa 6 chau chau company ko uttar tarfa Jitpur main sadak dekhi Mulanhar jodne bato ma PCC dhalan | RIDOKAP/10134/ SQ/079-80/106 | Sailesh Nirman Sewa, Mayadevi -5 Rupandehi | 8,47,181.24 |
| 24 | Gobari gaun Balmukundako mildekhi Tilaurakot Boarding samma jane sadak gravel ra nail nirman kapilvastu6 | RIDOKAP/10134/ SQ/079-80/107 | Sujal Construction, Kapilvastu -04 | 8,60,296.02 |
| 25 | Mauja Simari Kamlesh Suklako khet hudai Chauchau Factory samma Sadak, Kapilvastu-06 | RIDOKAP/10134/ SQ/079-80/108 | Kasturi Nirman Sewa, Kapilvastu -02 | 8,29,397.15 |
| 26 | Kapilvastu Nagarpalika 8 Kachiriha dekhi Naudihawa simana samma sadak istarunnati | RIDOKAP/10134/ SQ/079-80/109 | Sailesh Nirman Sewa, Mayadevi -5 Rupandehi | 8,33,847.09 |
| 27 | Mainihawa gaun Bhitra PCC dhalan Kapilvastu Na Pa 8 | RIDOKAP/10134/ SQ/079-80/110 | Sujal Construction, Kapilvastu -04 | 8,55,222.73 |
| 28 | Dipak Bhusalko ghar dekhi Murebabako than samma sadak kalopatre Banganga 9, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/112 | Taba shree nirman sewa, banganga 7 Kapilvastu | 7,40,287.84 |
| 29 | Gajehada main batodekhi Radio Buddha Awaj samma banganga 4 gajehada, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/113 | New Banganga Nirman Sewa, Banganga-2 Kapilvastu | 9,27,967.5 |
| 30 | Koili Bangai Padam kc koghar uttar tarfa jane sadak Banganga 7, Kapilvastu | RIDOKAP/10134/ SQ/079-80/114 | Taba shree nirman sewa, banganga 7 Kapilvastu | 916924.01 |

कार्यालय प्रमुख

## जीवन बीमालेख सरेन्डर बढ्यो



**काठमाडौं/मस** – पछिल्लो समय जीवन बीमालेख सरेन्डर अर्थात समर्पण गर्नेको संख्या बढेको छ । नेपाल बीमा प्राधिकरणको अनुसार एक महिनाको अवधिमा ५१.८६ प्रतिशत बढी रकमको बीमा पोलिसी सरेन्डर भएका छन् ।

पछिल्लो तथ्यांकअनुसार माघ महिनामा १ अर्ब ३२ करोड ७७ लाख रुपैयाँ बराबरको जीवन बीमालेख सरेन्डर भएका छन् । जुन अघिल्लो महिनाको तुलनामा ५१.८६ प्रतिशतले बढी हो । पुसमा कूल ८७ करोड ४३ लाख रुपैयाँ बराबरको बीमा पोलिसी सरेन्डर भएका थिए ।

समीक्षा अवधिमा ५ कम्पनी बाहेक अन्य कम्पनीको बीमालेख सरेन्डर रकम बढेको छ । प्रतिशतको आधारमा सन नेपाल लाइफको बीमा सरेन्डर सबैभन्दा धेरै रहेको छ । एक महिनाको अवधिमै सो कम्पनीका पोलिसी सरेन्डरदर ८४४.६५ प्रतिशतले बढेको तथ्यांकले देखाएको छ । त्यस्तै, एशियन लाइफको ४७८.७५ प्रतिशत, सुर्यज्योतिको ४२६.०४, लाइफ इन्स्योरेन्स कर्पोरेशनको २१७ प्रतिशत बढीको बीमापोलिसी सरेन्डर भएका छन् ।

सरेन्डर दर बढ्दो बजारमा नेपाल लाइफ, सिटिजन लाइफ, आइएमई लाइफ, गुराँस लाइफ र सानिमा लाइफको भने गत पुसको तुलनामा माघमा घटेको छ । जसमध्ये सबैभन्दा बढी प्रतिशतले घट्नेमा सानिमा लाइफ रहेको छ । जसको ५९.५० प्रतिशतले बीमा सरेन्डर रकम घटेको हो ।

त्यस्तै, सिटिजन लाइफको ३१.९७ प्रतिशतले, आइएमई लाइफको २३.९२ प्रतिशतले, नेपाल लाइफको १३.५१ प्रतिशतले र गुराँस लाइफको ५.९१ प्रतिशतले बीमा सरेन्डर रकम घटेको हो । सरेन्डरदर घटेपनि अन्य कम्पनीको तुलनामा नेपाल लाइफको सबैभन्दा बढी रकमको बीमापोलिसी सरेन्डर भएको छ । कम्पनीका बीमितहरुले एक महिनामै ३८ करोड बढीको जीवन बीमा पालिसी त्यागेका छन् ।

# 'लघुवित्त नभएको भए धेरै नेपाली सुकुम्बासी हुन्थे'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन



नेपालमा लघुवित्तहरु सञ्चालनमा नआएको भए पहिले नै धेरै गरिबहरु सुकुम्बासी हुने अवस्था सिर्जना हुने माइक्रोफाइनान्स एशोसियसन नेपालका सचिव अनन्तकुमार श्रेष्ठले बताएका छन् । मध्यानन्हसँग कुरा गर्दै सचिव श्रेष्ठले लघुवित्तहरु गरिबहरुको घरमा पुगेर बिनाधितो ऋण प्रदान गर्ने कार्यक्रम सञ्चालन नगरेको भए मिटरब्याजीहरुले धेरै गरिबहरुलाई विगतमा नै सुकुम्बासी बनाउने अवस्था रहेको बताए ।

'के लघुवित्तहरुले कसैलाई अहिलेसम्म सुकुम्बासी बनाएका छन्, हामीले त गरिबहरुलाई, केही उद्यम गर्छु भन्नेहरुलाई सामूहिक जमानीमा बिनाधितो ऋण दिइरहेका छौं', उनले भने । सचिव श्रेष्ठले ऋण नै मिनाहा हुन्छ भनेर सीमित व्यक्तिहरुले केही ऋणीहरुलाई भ्रममा पारेर आन्दोलन गरेको समेत आरोप लगाएका छन् ।

'अहिले केही मानिसहरुले तिमीहरुको ऋण मिनाहा हुन्छ, एक-एक हजार देउ र आन्दोलनमा हिंड भनेर मानिसहरुलाई परिचालन गरिरहेका छन्', उनले भने । नेपालका लघुवित्तहरुको ब्याज विश्वमा नै सबैभन्दा सस्तो भएको समेत उनको तर्क छ । 'लघुवित्तको शुरुवात भएको बंगालादेशमा समेत ३५ प्रतिशत र अफ्रिकी देशहरुमा ४० प्रतिशत सम्म ब्याज रहेको छ, नेपालमा जम्मा १५ प्रतिशत ब्याज छ, यो कसरी धेरै भयो ?', उनले लघुवित्तको ब्याजदर धेरै भएको भन्नेहरुप्रति प्रश्न गरेका छन् ।

नेपालका लघुवित्तहरुले ३५ लाख सदस्यहरुसँग जोडिएर मासिक रुपमा व्यवसायिक बैठक गर्ने गरेको तर्क गर्दै सचिव श्रेष्ठले सो स्तरको संगठन नेपालमा अर्को कुनै नभएका बताएका छन् । उनले अहिले भइरहेको आन्दोलन लघुवित्तलाई धरासायी बनाउने उद्देश्यले गरिएको समेत बताएका छन् । लघुवित्तहरु नियामक निकायले निर्धारण गरेको नीति र निर्देशन बमोजिम नै सञ्चालन हुँदै आएकोमा लघुवित्तलाई लुटेको आरोप लगाइएको बताएका छन् ।

'हामीले नेपाल राष्ट्र बैंकले निर्धारण गरेको नीति तथा निर्देशनलाई हुबहु रुपमा कार्यान्वयन गर्दै आएका छौं, पछिल्लो समयमा राष्ट्र बैंकले एक वर्ष भित्रमा दुई पटक कारोबार गर्दा लिएको सेवाशुल्क फिर्ता गर्न भनेपछि हामीले त्यो पनि फिर्ता गरेका छौं', त्यसो गर्दा लघुवित्तहरु ठूलो मारमा परेका छन्', उनले भने । तर, त्यसरी शुल्क फिर्ता गर्ने कुनै कानूनी व्यवस्था नभएको भएपनि राष्ट्र बैंकको ठाडो निर्देशनमा फिर्ता गर्नुपरेको उनले बताएका छन् । राष्ट्र बैंकको निर्देशन बमोजिम सेवा शुल्क फिर्ता गरिएको विषयलाई लुटेको रकम फिर्ता गरेको भनेर प्रचार गरिएको भन्ने उनको गुनासो छ ।

सचिव श्रेष्ठले पछिल्लो समयमा अधिकांश लघुवित्तहरु घाटातर्फ गएको बताएका छन् । उनले लघुवित्तहरुको पुंजी वृद्धि गर्ने नीति नहुनु, आफ्नै निक्षेप नहुनु लगायतका कारणले तोकिएको ब्याजदरमा लगानी गर्नुपर्ने अवस्था हुँदा पछिल्लो समयमा घाटाको व्यवसाय भइरहेको बताए ।

## विश्व व्यापार संगठनबाट सुविधा पाउन नेपालले पहल गर्ने

**काठमाडौं/रासस** – सन् २०२६ सम्ममा अतिकम विकसित मुलुक (एलडिसी)बाट स्तरोन्नति भइसक्ने लक्ष्य राखेको नेपालले त्यसपछि पनि विश्व व्यापार संगठन (डब्ल्युटिओ) मार्फत पाइरहेका सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको छ । अतिकम विकसित मुलुकका रुपमा हाल पाइरहेका सुविधा स्तरोन्नतिपछि हट्ने भए पनि ती सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको हो ।

स्तरोन्नतिपछि गुमाउने व्यापारलगायत क्षेत्रका सुविधाको निरन्तरताका लागि पहल गरिने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिए । कतारको दोहामा यही मार्च ४ देखि ९ सम्म चलेको 'अतिकम विकसित राष्ट्रहरुको पाँचौं शिखर सम्मेलन'मा पनि नेपालले उक्त विषय उठाएको उनको भनाइ छ । सम्मेलनमा नेपालले अतिकम विकसित मुलुकको अन्तर ष्ट्रिय व्यापार अभिवृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेको मरासिनीले बताए ।

विश्व व्यापार संगठनले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका क्षेत्रमा दिइदै आएको सहुलियत स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि बन्द हुनेछन् । जसकारण नेपालको निर्यात घट्ने अनुमान गरिएको छ । अहिले पाइरहेका सुविधाको निरन्तरतासँगै आफ्नो व्यापार नीति पनि परिवर्तन गर्दै लैजानुपर्ने सचिव मरासिनीको भनाइ छ । 'स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेका विशेष सुविधा गुम्छन् । पाइरहेका सुविधाहरु एकैचोटि हटाउनुभन्दा बिस्तार-बिस्तारै हटाउँदै जाने र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौं', सचिव मरासिनीले भने ।

यस्ता सुविधा जोगाइराख्न नेपालले अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्नु आवश्यक रहेको उनको भनाइ छ । 'स्तरोन्नतिपछि नेपालको व्यापार नीति कस्तो हुने भन्ने स्पष्टतासँगै नयाँ वस्तुको उत्पादन र बजारीकरणमा केन्द्रित हुनुपर्छ । तुलनात्मक लाभ रहेका वस्तु पहिचान, त्यसको उत्पादन र बजारीकरणका लागि अहिले नेपाललाई अवसर पनि छ', उनले भने ।

डब्ल्युटिओअन्तर्गत अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपणअनुसार अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको हालको निर्यात ४ दशमलव ५ प्रतिशतसम्म घट्नसक्ने देखिएको मरासिनीले जानकारी दिए । उनका अनुसार दिगो स्तरोन्नतिका लागि अझ बढी मेहनत गर्नुपर्नेछ ।

'स्तरोन्नतिपछि पनि अहिले पाइरहेका सुविधालाई कसरी निरन्तरता गर्ने भनेर पहल गर्नु आवश्यक छ । त्यसका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति र प्रस्तुति बलियो बनाउनुका साथै सरोकारवाला क्षेत्रका जानकारहरुको समूह बनाएर काम गर्न जरुरी छ', उनले भने । आगामी दुई-तीन वर्ष नेपालले यस विषयमा बढी तयारी गर्नुपर्ने मरासिनीको भनाइ छ ।

डब्ल्युटिओका सदस्य राष्ट्रसँगको व्यापारमा अतिकम विकसित मुलुकले 'स्पेसल एन्ड डिफ्रेन्सियल ट्रिटमेन्ट' को सुविधा पाउँछन् । साथै यस्ता मुलुकका लागि न्यून भन्सार दर कायम गरिएको हुन्छ । यस्ता सुविधामा अलैंची, पस्मिना, गलैंचा, धागोलगायतका वस्तु निर्यात गर्दा नेपालले 'ड्युटी फ्री' सुविधा पाउँछ । त्यस्तै, बौद्धिक सम्पत्तितर्फ प्याटेन्ट, डिजाइन, ट्रेडमार्कलगायतमा केही सुविधा पाइन्छ । स्तरोन्नतिपछि नेपालको औषधि (फर्मास्युटिकल) क्षेत्र बढी प्रभावित हुने देखिएको छ । औषधि उत्पादकले विदेशी कम्पनीको फर्मुला प्रयोग गरेर औषधि उत्पादन गरिरहेकामा त्यस्तो सुविधामा कडाइ हुनसक्ने जानकार बताउँछन् ।

सन् १९७१ देखि संयुक्त राष्ट्र संघको अतिकम विकसित मुलुकको सूचीमा नेपाल रहेको छ । सन् २०२१ नोभेम्बर २४ मा राष्ट्रसंघको ७६औं महासभा (जेनरल एसेम्ब्ली) ले तीन एसियाली मुलुक नेपाल, बंगालादेश र लाओसलाई अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो । यी देशले स्तरोन्नतिका लागि पाँच वर्षको तयारी अवधि पाएका छन् । जसअनुसार नेपालले पनि सन् २०२६ सम्ममा अतिकम विकसित राष्ट्रहरुको सूचीबाट स्तरोन्नति हुने लक्ष्य राखेको छ ।

स्तरोन्नतिका लागि तीनवटा सूचक पूरा गर्नुपर्ने हुन्छ । नेपालले मानव पूँजी सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांक (इभिआई) मा संयुक्त राष्ट्रसंघको थ्रेसहोल्ड पास गरिसकेको छ । मानव पूँजी सूचकांकका लागि ६६ भन्दा बढी अंक रहनुपर्नेमा नेपालको ७१ दशमलव २ अंक छ । त्यस्तै आर्थिक तथा वातावरणीय जोखिम ३२ अंकभन्दा कम हुनुपर्नेमा २८ दशमलव ४ अंक रहेको छ भने प्रतिव्यक्ति आय एक हजार दुई सय २२ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार तीन सय ८१ अमेरिकी डलर रहेको छ ।

## नेपालले २० खर्ब ७० अर्ब ऋण तिर्न बाँकी

**काठमाडौं/मस** – चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको सार्वजनिक ऋण २० खर्ब ७० अर्ब ५३ करोड ६३ लाख पुगेको छ । गत पुस मसान्तसम्म नेपालले ११ खर्ब दुई अर्ब ५१ करोड बाह्य ऋण र नौ खर्ब ६८ अर्ब एक करोड आन्तरिक ऋण तिर्न बाँकी रहेको देखिएको हो ।




सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक अवधिको सार्वजनिक ऋण प्रतिवेदनअनुसार चालु आवको छ महिनाको अवधिमा ५७ अर्ब २४ करोड ऋण थपिएको छ । गत असार मसान्तसम्म कूल सार्वजनिक ऋण २० खर्ब १३ अर्ब थियो । जसमध्ये बाह्य ऋण १० खर्ब ५० अर्ब २३ करोड र आन्तरिक ऋण नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर थियो । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्ममा ७६ अर्ब ६६ करोड ९९ लाख बाह्य ऋण थपिएको छ । आन्तरिक ऋण भने गत असारको तुलनामा पुसमा १९ अर्ब ४३ करोडले घटेको छ ।

नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋणको अनुपात ४२ दशमलव ६७ प्रतिशत बराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । अहिले कूल गार्हस्थ्य उत्पादन ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ । जिडिपी अनुपातमा आन्तरिक ऋण १९ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव ७२ प्रतिशत रहेको कार्यालयको तथ्यांकबाट देखिन्छ ।

चालु आवको पुस मसान्तसम्म नेपालले ४७ अर्ब २७ करोड बराबर ऋण उठाएको छ । जसमध्ये ३० अर्ब आन्तरिक र १७ अर्ब २७ करोड बाह्य ऋण उठाएको हो । यही अवधिमा ४५ अर्ब ६१ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ । पुस मसान्तसम्म सरकारले भुक्तानी गरेको साँवा २८ अर्ब ३० करोड र ब्याज १७ अर्ब ३१ करोड बराबर छ ।

यो अवधिमा आन्तरिक ऋणको साँवा १९ अर्ब ५९ करोड २५ लाख र ब्याज १५ अर्ब ६५ करोड ९६ लाख गरी कूल ३५ अर्ब २५ करोड भुक्तानी भएको छ भने बाह्य ऋणको साँवा आठ अर्ब ७१ करोड र ब्याज एक अर्ब ६५ करोड गरी १० अर्ब ३६ करोड भुक्तानी भएको छ । कूल साँवा ब्याज भुक्तानीमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी ७७ दशमलव २८ प्रतिशत र बाह्य ऋणको साँवा ब्याज भुक्तानी २२ दशमलव ७२ प्रतिशत बराबर छ ।

## एडीबीले कोषलाई दिएको १३ करोडको गाडी प्रयोगमा आएन

**लुम्बिनी/रासस** – बुद्ध जन्मस्थल लुम्बिनीस्थित लुम्बिनी विकास कोषको केन्द्रीय कार्यालय परिसर बाहिर पार्किङमा दुई वर्षभन्दा बढी समयदेखि बस र भ्यान राखिएका छन् । ती बस र भ्यान देख्दा निक्कै आकर्षक छन् । अत्याधुनिक सेवा सुविधासहितका ती विद्युतीय (बिजुली बस) सवारी विगत दुई वर्षभन्दा बढी समयदेखि यत्तिकै अलपत्रजस्तै बनेका छन् ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धस्थल तिलौराकोट, रामग्राम र देवदहसँगलगायतका बुद्धसँग सम्बन्धित क्षेत्रलाई जोड्न र ती क्षेत्रमा पर्यटक आवतजावत सहज बनाउन विदेशी दातृ निकायले ती साधन अनुदानमा उपलब्ध गराएका हुन् । विदेशी दातृ निकायले उपलब्ध गराएका सवारी साधन खुला आकाशमुनि थन्किदा पनि सञ्चालका लागि सरोकारवाला निकायको चासो पुगेको छैन ।

लुम्बिनीलाई प्रदूषणमुक्त बनाउन २०७७ मङ्सिर ९ गते यी विद्युतीय बस र ट्याक्सी लुम्बिनी ल्याइएको थियो । तर, आवश्यक कानुनी प्रक्रियामा ढिलाई र सञ्चालनको नमूना तयार नहुँदा दुई वर्षभन्दा बढी समयदेखि खुल्ला आकाशमुनि थन्किएका छन् । एसियाली विकास बैंक (एडीवी) को अनुदान सहयोगमा क्लिन इनर्जी प्रोजेक्टअन्तर्गत १३ करोडमा लुम्बिनी विकास कोषलाई विद्युतीय सवारी प्राप्त भएका हुन् । यी विद्युतीय सवारी नेपाल भित्र्याउँदा साढे तीन करोड बढी भन्सार राजस्व सरकारले व्यहोरेको थियो । यी सवारीका लागि भनेर नै लुम्बिनीमा १३ करोड ९० लाख लगानीमा चार्जिङ स्टेसनसमेत बनिसकेको छ ।

संघीय संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयअन्तर्गत आएका यी सवारी साधन लामो समय खुल्ला आकाशमुनि थन्किएर रहँदा बिग्रने सम्भावना रहेको छ । थन्क्याइएका कतिपय गाडीका टायर र चार्ज नहुँदा ब्याट्रीसमेत बिग्रने समस्या देखिन थालेका छन् । लुम्बिनी र यससँग सम्बन्धित बौद्ध क्षेत्रका पर्यटकीय सुविधाका लागि ल्याइएका पाँचवटा १९ सिट क्षमताका बस र १४ वटा पाँच सिट क्षमताका भ्यान सञ्चालन प्रक्रियामा अन्यौल देखिएको छ । अत्याधुनिक सुविधासहितका यी विद्युतीय गाडी स्वचालित ढोका भएका र शारीरिकरुपमा अशक्तका लागि अपाङ्गतामैत्री रहेका छन् । सिद्धार्थ होटल एसोसिएसनका उपाध्यक्ष मेघनाथ आचार्य लुम्बिनी विकास कोषले जनतालाई सेवा दिने भनेर ल्याएका अनुदानका सवारी साधन खुला चौरमा राखेर राज्यको सम्पत्ति नोक्सान पुऱ्याउने काम भएको बताउँछन् । यसको सञ्चालनको मोडल विकास कोषले आफैं व्यवस्थापनाको जिम्मा लिएर चलाउनुपर्ने बताउँछन् । उनले भने, 'निजी क्षेत्र वा अरु कुनै पनि मोडलमा लैजादा केही वर्ष पछि यी गाडी कामै नलाग्ने गरी थन्किने अवस्थामा पुग्ने छन् ।' विकास कोषले यति लामो समयसम्म करोडौं मूल्यका गाडी थन्क्याएर राख्दा पनि सरोकारवला कसैसँग पनि छलफल नगरेको उनी बताउँछन् ।

तीन वर्षसम्म सञ्चालनको ढाँचा र सवारीको नम्बर प्लेट परिवर्तनमा समय लाग्नु अचम्मको विषय भएको उनको भनाइ छ । 'सरकारी सवारी साधन सेतो नम्बर प्लेटबाट रातो वा हरियोमा परिवर्तन गर्न एकै दिनमा सकिन्छ तर विभिन्न बाहानमा अल्झाउने काम भएको छ' उनले भने, 'जनतालाई सेवा दिन ल्याएका साधन खै त जनतालाई सेवा दिएको ?' लुम्बिनी विकास कोषले असोज १३ गतेबाट दशैं तिहार र छठपर्वमा यात्रुलाई सेवा दिने भन्दै परीक्षणका रुपमा पाँचवटा बस सञ्चालन गरेको थियो ।

हार्दिक बधाई

चन्द्रकामना म्यानपावर प्रा.लि.

को छैठौं बार्षिकोत्सवको अवसरमा म्यानपावर परिवारमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं !

सितादेवी श्रेष्ठ
प्रकाशक

मदन कुमार श्रेष्ठ
सम्पादक

तथा

मध्यान्ह दैनिक
परिवार

UAE को Semi Government कम्पनीमा रोजगार

कम्पनी: ROYAL FALCON SECURITY LLC

पूर्व स्वीकृत मितिः २०७९/११/०२ | चलानी नं.: ६०१९६५४० | L.T. No.: 280986 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 100 | 50 | | 2000 | ७१,९६० | | | | | | | |
| 3. | Security Guard - SIRA | 100 | 50 | | 1200 | ४३,११२ | | | | | | | |

नोट:❖ Security Guard (PSBD) को पुरूषको हकमा उचाई ५ फिट ७ ईन्च र उमेर २२ बर्ष देखि ४० बर्ष । साथैको महिलाको हकमा उचाई ५ फिट ३ ईन्च र उमेर २२ बर्ष देखि ३७ बर्ष ।
❖ Security Guard (DPS) को पुरूषको हकमा उचाई ५ फिट ६ ईन्च र उमेर २२ बर्ष देखि ४० बर्ष । साथैको महिलाको हकमा उचाई ५ फिट २ ईन्च र उमेर २२ बर्ष देखि ३७ बर्ष ।

❖ Security Guard (PSBD) को Basic Salary AED 2000 भए पनि १२ घण्टा, ३० दिन काम गर्दा Other Allowance सहित AED 3260 हुनेछ ।
❖ Security Guard (DPS) को Basic Salary AED 1200 भए पनि १२ घण्टा, ३० दिन काम गर्दा Other Allowance सहित AED 2560 हुनेछ ।
❖ Cleaner को Basic Salary AED 800 भए पनि १० घण्टा, २६ दिन काम गर्दा Other Allowance सहित AED 1200 हुनेछ ।

Semi Government कम्पनी भएकाले अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं धमाधम भैरहेको छ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1286/074/075

FISHTAIL OVERSEAS PVT. LTD.
PO Box No: 947, Samakhusi :-10, Kathmandu, Nepal
Tel : 01-4986382, 9816781435 | E-mail : fishtailoverseas508@gmail.com
9820114979, 9820114989, 9820114899, 9846029301

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : दीपेन्द्रविक्रम तामाङ, सम्पादक: मदनकुमार श्रेष्ठ